# अध्याय एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कक्षा ३ को मेरो नेपाली किताब र सरल नेपाली शृङ्खला**को तुलनात्मक अध्ययन रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाँचौ पत्र नेपा.शि.५९८ पाठ्यांशको ५० पूर्णाङ्कको परीक्षा पूरा गरी शैक्षिक तह पार गर्ने प्रयोजनका निम्ति तयार पारिएको हो ।

## १.३ समस्या कथन

शोध गरिने विषयवस्तुको बारेमा राखिएका प्रश्नहरूलाई नै यहाँ समस्या कथनका रूपमा लिइएको छ । शोधमा विशिष्ट प्रश्नहरूका जवाफहरू तार्किक र सन्तुलित ढङ्गले खोजिने हुनाले यस्ता प्रश्नहरू शोधका निम्ति महत्वपूर्ण साधनहरू हुन सक्छन् । तसर्थ निम्न समस्याहरूमाथि केन्द्रित रहेर प्रस्तुत शोध अध्ययन गरिएको छ ।

क) कक्षा ३ को मेरो नेपाली किताब र सरल नेपाली शृङ्खलाको आन्तरिक र बाह्य पक्ष के कस्ता छन् ?

ख) सामुदायिक विद्यालयमा शिक्षण गरिने कक्षा ३ को मूल पाठ्यपुस्तक मेरो नेपाली किताब र निजि विद्यालयमा शिक्षण गरिने कक्षा ३ को सरल नेपाली शृङ्खला पाठ्यक्रम अनुरूप निर्माण भएका छन कि छैनन् ?

ग) उपर्युक्त पाठ्यपुस्तकहरूका बिच के कस्ता समानता र भिन्नता छन् ?

घ) उल्लिखित पाठ्यपुस्तकहरूमा विद्यार्थीका रूचि अनुसारका पाठहरूको संयोजन गरिएको छ कि छैन ?

ङ) उल्लिखित पाठ्यपुस्तकमा के कस्ता कमी कमजोरीहरू छन् र तिनमा सुधारका लागि के गर्नुपर्छ ?

## १.४. शोध कार्यको उद्देश्य

प्रस्तुत शोधकार्यमा निम्न उद्देश्यहरु राखिएको छः

क. आन्तरिक र वाह्य पक्षका आधारमा **कक्षा ३ को मेरो नेपाली किताव र सरल नेपाली श्रृङ्खला**को तुलनात्मक अध्ययन गर्नु,

ख. पाठ्यक्रम अनुरुपताका दृष्टिले पाठ्यपुस्तकहरुको स्थिति अध्ययन गर्नु,

ग. उल्लिखित पाठ्यपुस्तकका वीचको समानता र भिन्नता केलाउनु,

घ. उल्लिखित पाठ्यपुस्तकहरुमा विद्यार्थीका रुचि अनुसारका पाठहरुको संयोजन गरिएको छ कि छैन हेर्नु,

ङ. उल्लिखित पाठ्यपुस्तकहरुमा देखिएका कमजोरीहरु पत्ता लगाई समाधानका लागि सुझावहरु प्रस्तुत गर्नु ।

## १.५ पूर्व कार्यको समीक्षा

नेपाली भाषा नेपालका सन्दर्भमा ज्ञान विज्ञान प्रविधि दक्षता र सिपको आदानप्रदान गर्ने एक मात्र माध्यम हो । यो राष्ट्रियताप्रति भावनात्मक वैचारिक मर्म बोध गराउने र संस्कृति साहित्य र कला एवम् प्रचारको माध्यम भएकाले यसको तहगत एवम् कक्षागत पाठ्यक्रम तथा पाठ्यपुस्तकको समय समयमा अध्ययन विश्लेषण हुनु आवश्यक छ ।

जुनसुकै कार्य गर्दा सम्बन्धित क्षेत्रमा भएका पूर्वकार्यको अध्ययन आवश्यक हुन्छ । जसबाट आफूले गर्न लागेको कार्य अगाडि त्यस्तै काम भए नभएको र भएको भए कुन हदसम्म र कसरी भएको छ भन्ने कुराको जानकारी प्राप्त हुन्छ ।

भाषा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन अनुसन्धानबाट विभिन्न निष्कर्षहरू निकालिएको छ । शिक्षाशास्त्रअन्तर्गत स्नातकोत्तर तहको शोधपत्र तयार गर्ने क्रममा महेन्द्र रत्न क्याम्पस ताहाचल काठमाडौं र त्रिवि केन्द्रीय क्याम्पसबाट पाठ्यपुस्तकसम्बन्धी विभिन्न विषयमा केन्द्रित रहेर तुलनात्मक अध्ययन गरिएको पाइन्छ । तीमध्ये पाठ्यपुस्तकसम्बन्धी तुलनात्मक अध्ययन विश्लेषण गर्ने शोधकर्ताहरू निम्नअनुसार रहेका छन्:

वि.सं. २०५६मा **नेत्रप्रसाद पौडेलले कक्षा ६ को हाम्रो नेपाली किताब र सरल नेपाली शृङ्खला को तुलनात्मक अध्ययन** गरेका छन् । उक्त अध्ययनमा **हाम्रो नेपाली किताब**मा खासै त्रुटि नरहेको तर **सरल नेपाली शृङ्खला**मा विद्यार्थीको रूचि उमेर र मनोवैज्ञानिक पक्षलाई ध्यान नदिएको कुरा उल्लेख गरिएको छ । वि.सं. २०५७ मा **गेहनाथ गौतमले कक्षा ५ को मेरो नेपााली किताब र सजिलो नेपाली माला**को तुलनात्मक अध्ययन गरेका छन् । उनको अध्ययनबाट **मेरो नेपाली किताब** भन्दा **सजिलो नेपाली माला** सबल देखिएको निष्कर्ष निकालिएको छ ।

वि.सं. २०५९मा **टिकाराम सुबेदी**ले **कक्षा ५ को मेरो नेपाली किताब र सजिलो नेपाली माला**को तुलनात्मक अध्ययन गरेका छन् ।

वि.सं. २०६० मा **प्रकाश घिमिरे**ले **हाम्रो नेपाली किताब र नेपाली माला ८ को तुलनात्मक अध्ययन** गरेको देखिन्छ । उनको अध्ययनमा सजिलो नेपाली मालामा शब्दकोश अध्ययन गर्ने अभ्यासहरूको संयोजन गरिनुपर्ने सुझावहरू दिइएका छन् । यसमा हाम्रो नेपाली किताब भन्दा सजिलो नेपाली माला सबल देखिएको निष्कर्ष निकालिएको छ ।

वि.सं. २०६१ **मा मदनराज बराल**ले **कक्षा ७ को महेन्द्रमाला र हाम्रो नेपाली किताब**को तुलनात्मक अध्ययन गरेका छन् ।

त्यसै गरी **नारायणप्रसाद पौडेल**ले **कक्षा २ को मेरो नेपाली किताब र सरल नेपाली शृङ्खला २ को तुलनात्मक अध्ययन गरेका** गरेको देखिन्छ । प्रस्तुत शोधपत्रमा दुबै पाठ्यपुस्तक स्तरीयताका आधारमा तयार भए नभएका बारेमा अध्ययन भएको छ ।

वि.सं. २०६२ मा **रामकला पौडेल**ले **मेरो नेपाली किताब र सजिलो नेपाली मालामा प्रयुक्त शब्द भण्डारको तुलनात्मक अध्ययन** शीर्षकमा शोधपत्र तयार गरेका छन् । यस अध्ययनमा शब्दहरूको संरचना पहिल्याउनु, विषयगत शब्दका दृष्टिले ती शब्दहरूलाई तुलना गरी हेर्नु जस्ता उद्देश्यहरू साखिएका छन् ।

वि.सं. २०६३ मा **पवित्रा खनाल**ले **कक्षा ६ को हाम्रो नेपाली किताब र सरल नेपाली शृङ्खलामा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन** गरेको पाइन्छ । यस अभ्यासहरू पाठ अनुकूल र विद्यार्थीको रूचि अनुकूल हुनुपर्ने, अभ्यासहरू दिइँदा कठिनाइ स्तरलाई समेत ख्याल गर्नुपर्ने,

नमुना अभ्यासलाई परीक्षामा सोधिने प्रश्नसँग सामञ्जस्य बनाएर जानुपर्ने कुराहरूलाई सुझावका रूपमा प्रस्तुत गरिएको छ ।

वि.सं.२०६३ मा पाठ्यपुस्तकको तुलनाकै क्रममा **भोजकुमारी ठकुरी**ले **कक्षा ६ को हाम्रो नेपाली किताब र सजिलो नेपाली माला**को तुलनात्मक अध्ययन गरेको पाइन्छ । यस शोधपत्रमा दुबै पाठ्यपुस्तकका बीचमा सिप पक्ष र ज्ञान पक्ष तथा नमुना अभ्यासको तुलना, व्याकरण अभ्यासको तुलनामा के कस्तो प्रकृतिको छ  भन्ने विषयमा अध्ययन केन्द्रित रही सोही अनुसार निष्कर्ष निकालिएको छ ।

वि.सं. २०६४ मा **महेश्वर पन्थी**ले **प्रवेशिका परीक्षा २०६२ र २०६३ का अनिवाार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन** गरेका छन् ।

२०६५ सालमा **गोविन्दप्रसाद जोशी**ले **कक्षा ३ को मेरो नेपाली किताब** (**२०५९**) **र मेरो नेपाली** ( **२०६४**) **को तुलनात्मक अध्ययन** गरेका छन् । उनले यस अध्यायनमा आन्तरिक र बाह्य पक्षका आधारमा पाठ्यपुस्तकहरूको तुलनात्मक अध्ययन गरेको पाइन्छ । उनको अध्ययनबाट व्याकरणका नियम घोकाउने उद्देश्यलाई दुबै पाठ्यपुस्तकले प्राथमिकता नदिएको आवरण पृष्ठ र भित्री कागज दुबै पाठ्यपुस्तकमा कमजोर देखिएको निष्कर्ष निकालिएको छ ।

तुलनात्मक अध्ययनकै सिलसिलाको पछिल्लो चरणमा २०६६ सालमा शोधार्थी **गीता खनाल**ले **कक्षा ४ को मेरो नेपाली र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन** तथा **वसन्तप्रसाद घिमिरे**ले **कक्षा ५ को मेरो नेपाली किताब र शुभारम्भ नेपाली लहरको** तुलनात्मक अध्ययन गरेका छन् ।

माथि उल्लिखित शोधपत्रहरू महेन्द्र रत्न क्याम्पस ताहाचल काठमाडौं नेपाली शिक्षा शिक्षण विभाग तथा त्रि.वि. केन्द्रीय क्याम्पस शिक्षाशास्त्र नेपाली विभागअन्तर्गत रहेर गरिएका हुन् ।

माथि उल्लेख गरिएका शोधकर्ताहरूको तुलनात्मक अध्ययन दुई पाठ्यपुस्तक बीचमा केन्द्रित भएको देखिन्छ । समान कक्षाको पाठ्यपुस्तकको तुलनाबाहेक शोधकर्ताहरूले समान कक्षाका पाठ्यपुस्तकमा समावेश भएका एक पक्षीय विषयमा मात्र केन्द्रित भएर तुलनात्मक अध्ययन गरेको देखिन्छ ।

माथि उल्लेख गरिएका समान कक्षाका पाठ्यपुस्तकसम्बन्धी तुलनामा प्रत्येक शोधकर्ताहरू एउटै पुस्तकको तुलनामा केन्द्रित भएको देखियो । समग्रमा ती शोधपत्रहरूको अध्ययन गर्दा सम्पूर्ण शोधपत्रहरूमा एउटै प्रकृतिबाट पाठ्यपुस्तकको तुलना गरिएको छ । शैली वैज्ञानिक आधारमा कृतिहरूको संरचना,रूप,बनोट जस्ता पक्षमा कुनै पनि शोधकर्ताहरूले तुलना गरेका छैनन् । पाठमा प्रयुक्त शव्दभण्डार,भाषगत त्रुटिहरू,समसामयिक पाठहरूको प्रयोग, समावेशी ढङ्गले पाठ्यपुस्तकको निर्माण पाठ्यपुस्तकमा आबद्ध छ कि छैन ? शब्दभण्डारको व्यवस्थामा एकरूपता र स्तर अनुकूल छ छैन ? दुवै पाठ्यपुस्तकमा भाषिक,व्याकरणिक तथा वर्णविन्यासगत त्रुटि छ, छैन ? आदि विभिन्न पक्षमा केन्द्रित रहेर **कक्षा ३ को मेरो नेपाली किताब र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन** शीर्षकमा अध्ययन गरी यसै अनुसार निष्कर्ष निकाल्न यो शोधपत्र तयार पार्न लागिएको हो । यस अध्ययनमा उल्लिखित पाठ्यपुस्तकहरूलाई विद्यार्थीको स्तर र रूचि अनुसार तयार पारिएको नपारिएको सम्बन्धमा विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयत्न गरिएको छ ।

## १.६ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्र तयार गर्नका लागि निम्न प्रक्रियाबाट सामग्री सङ्कलन गरिएको छः

क) यसपूर्व भए गरेका भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययनलाई आधार बनाइएको छ ।

ख) मूलतः पुस्तकालयीय अध्ययनलाई सामग्री सङ्कलनको मुख्य आधार मानिएको छ ।

ग) विभिन्न पुस्तकालयीय अध्ययन तथा प्रकाशित अनुसन्धानात्मक लेख रचना र पाठ्यपुस्तकलाई पनि सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

घ) सम्बन्धित शिक्षकहरू र सहकर्मी साथीहरू बीचको अन्तरक्रिया, छलफल आदिलाई आधार बनाइएको छ ।

ङ) प्रश्नोत्तर,अवलोकन, पुस्तक र अध्ययन गर्ने विद्यार्थीहरूको क्रिया प्रतिक्रिया, पुस्तक प्रकाशक लेखक आदिसँग प्रत्यक्ष भेटघाट गरी सामग्री सङ्कलन गरिएको छ ।

च) प्रस्तुत विषयका पाठ्यक्रम र पाठ्यपुस्तकहरूलाई पनि सामग्री सङ्कलनको आधार बनाइएको छ ।

छ) यस कार्यमा विद्वान्हरूका राय सुझाव हरूलाई पनि मार्गदर्शनका रूपमा लिइएको छ ।

### १.७ अध्ययनको आवश्यकता

कुनै पनि तहका लागि निर्धारण गरिएका पाठ्य सामग्रीहरू वा सन्दर्भ सामग्रीहरू विद्यार्थी तथा समकालीन समाजको आवश्यतालाई ध्यान दिएर निर्माण गरिनुपर्छ । पाठ्यपुस्तकमा समावेश भएका पाठ्य सामग्रीले पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य,विद्यार्थीको उमेर, रूचि, स्तर, पूर्व ज्ञान आदिलाई समेट्नु पर्दछ । यस सन्दर्भमा यस अध्ययनको आवश्यकता निम्न बमोजिम रहेको छ :

क) यस अध्यनबाट पाठ्यपुस्तकको समग्र पक्षको अध्ययन हुने हुँदा शिक्षक, अभिभावक र विद्यार्थीलाई सहयोग पुग्न सक्छ ।

ख) यस अध्ययनबाट पाठ्यपुस्तकमा देखिएका विभिन्न कमी कमजोरीहरू हटाउन सघाउ पुग्छ ।

ग) दुवै पाठ्यपुस्तकको तुलनात्मक अध्ययनबाट पाठ्यपुस्तक स्तर अनुकूल भए नभएको समसामयिक भए नभएको विषयमा सम्बन्धित पक्षलाई जानकारी प्राप्त हुन्छ ।

घ) प्राथमिक तहको कक्षा ३ को प्रवेश गर्ने विद्यार्थीको चेतना स्तर र क्षमतालाई वैज्ञानीक रूपमा बुझी पाठ्य सामग्रीले मनोवैज्ञानिक पक्षलाई बुझ्न सक्यो कि सकेन भन्ने पक्षमा निर्क्योल गर्ने सक्ने हुँदा सम्बद्ध सबैका लागि यो अध्ययन मार्गदर्शक बन्न सक्छ ।

ङ) दुवै पाठ्य सामग्री आकार, बनोट, मूल्य, सुलभता आदिका दृष्टिले कुन पाठ्य सामग्री उपयोगमा ल्याउन सकिन्छ भन्ने बारेमा जानकारी राख्न यस अध्ययनले सहयोग पुऱ्याउन सक्दछ ।

च) पाठ्यक्रमले तोकेका सीममा आबद्ध भएर पाठ्यपुस्तक निर्माण गर्नु पर्दछ । पाठ्यपुस्तकले समाज परिवर्तन र सामाजिक चेतना तथा मनोरञ्जनात्मक विषयवस्तुको संयोजनबाट नैतिक शिक्षा पनि प्रदान गर्नु पर्दछ । यस्तै पक्षसंग सम्बन्धित भएर पाठ्यपुस्तक निर्माण गरिएका छन् कि छैनन् भन्ने विषयमा यो अध्ययन केन्द्रित भएकाले पाठ्यपुस्तकका फाइदा बेफाइदाबारे बुझ्न सहज हुन्छ ।

छ) भावी पिँढीका लागि पनि यस अध्ययनमा के कस्तो र कुन पाठ्यपुस्तक अध्ययन र तुलनाको निरूपण गरिएको छ । भन्ने बुझ्नका लागि यस अध्ययनबाट फाइदा पुग्न जान्छ।

### १.८ अध्ययनको औचित्य

जुनसुकै देशको शिक्षा नीति राष्ट्रको आवश्यकता र समसामयिक परिस्थितिलाई मध्यनजर गरेर तयार पारिएको हुन्छ । सोहीअनुसार तहगत एवम् कक्षागत उद्देश्यहरू निर्माण गरी पाठ्यक्रम बनाइएको हुन्छ । उक्त पाठ्यक्रमअनुसार विद्यार्थीको रूचि, क्षमता र स्तर र पूर्व ज्ञानलाई मध्यनजर गरेर पाठ्यक्रम निर्माण गर्नुपर्दछ । असल पाठ्य सामग्रीले मात्र विद्यार्थीको गुणात्मक पक्षको विकास हुन सक्छ । भाषा विषय पढाउनुको मुख्य उद्देश्य भाषाका विषयमा शिक्षण गराउनु मात्र नभएर भाषिक कुशलताको प्रदान गर्नु पनि हो । यसर्थ भाषा पाठ्यपुस्तकको निर्माण पाठ्यक्रमको उद्देश्य अनुरूम भाषिक सिप विकास हुने किसिमले गर्नुपर्दछ । बालबालिकाहरूको शिक्षाको स्तरलाई सबल बनाउन असल पाठ्यसामाग्रीको आवश्यकता पर्दछ । जसको लागि एक पटक निर्मित सामग्रीलाई समय-समयमा अध्ययन विश्लेषण गर्नु पर्ने देखिन्छ । यसरी यस शोध कार्यले कक्षा ३ को पाठ्यक्रले निर्दिष्ट गरे अनुसार पाठ्यपुस्तक छ कि छैन ? पाठ्यक्रमसँग कुन चाहिँ मिल्दोजुल्दो छ ? साथै भौतिक पक्ष के कस्ता छन् भनी अध्ययन गरिएको छ । यस शोध कार्यले भाषा पाठ्यपुस्तक निर्मातालाईल सामग्री सङ्कलनका लागि पक्कै मद्दत गर्ने देखिन्छ । यस्तो अध्ययनमा अवश्य नै पाठ्यक्रम एवम् पाठ्यपुस्तक निर्माता, प्रकाशक,नीति निर्माता, विद्यार्थी,शिक्षक,भाषा विशेषज्ञ आदिका लागि अनिवार्य हुन्छ । मूलतः कक्षा ३ का दुई पाठ्यपुस्तकको तुलनामा विधा,वर्णविन्यास, सिप,ज्ञान,सिर्जनात्मक बोध,भाषा तत्व, लेखन अभिव्यक्ति आदि क्षेत्रमा विद्यमान कमी कमजोरीहरू पत्ता लगाई यसको पठनीयता,बोधगम्यता,भाषिक सिप,शब्दभण्डार क्षमता आदिको परीक्षण जस्ता कुराको आँकलन गर्न र थप क्षेत्रको अध्ययन गर्न समेत सहयोग पुग्दछ ।

खासगरी **कक्षा ३ को मेरो नेपाली र सरल नेपाली शृङ्खला**को अध्ययन विश्लेषण भएको स्थितिमा शिक्षक, विद्यार्थी एवम् पाठ्यक्रम निर्मातालाई नयाँ जानकारी प्रदान गर्ने अपेक्षा गरिएको छ ।

### १.९ अध्ययनको सीमाङ्कन

१. यो अध्ययन सरकारी विद्यालयमा पढाइने **कक्षा ३ को मेरो नेपाली किताब** र निजी विद्यालयमा पढाइने कक्षा ३ कै **सरल नेपाली शृङ्खला**को तुलनात्मक अध्ययनमा सीमित रहेको छ ।

२.	यस अध्ययनमा सम्बन्धित पाठ्यक्रमलाई नै मूल आधार बनाइएको छ ।

३.	उल्लिखित पाठ्यपुस्तकहरूलाई असल भाषा पाठ्यपुस्तकमा हुनुपर्ने गुणका आधारमा विश्लेषण गरिएको छ ।

४.	अध्ययनका क्रममा आन्तरिक वा शैक्षिक पक्षअन्तर्गत विषयवस्तु, विधा तथा प्रस्तुति, संरचना र शैली,नमुना अभ्यास,चित्र, भूमिका, निर्देशन र बाह्य वा भौतिक पक्ष अन्तर्गत आवरण पृष्ठ, आकार, छपाइ, बँधाई, कागजको स्तर, र मूल्यलाई आधार बनाइएको छ ।

५.	अध्ययनलाई व्यवस्थित र प्रभावकारी बनाउनका निमित्त आवश्यक क्षेत्रमा सम्बन्धित विज्ञहरूको सल्लाह तथा सुझाव लिइएको छ ।

**१.१० अध्ययन विधि**

अध्ययन अनुसन्धानका क्षेत्रमा विभिन्न ढाँचा र प्रक्रियाहरू अवलम्बन गरिए पनि खास गरी यस अध्ययनको प्रकृतिलाई दृष्टिगत गरी पुस्तकालयीय पद्धतिमा आधारित वर्णनात्मक ढाँचालाई उपयोगमा ल्याइएको छ । यस क्रममा निम्न विधिहरूको प्रयोग गरिएको छ ।

१.	प्रस्तुत शोधपत्र कक्षा ३ को मेरो नेपाली किताब र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययनमा केन्द्रित रहेकाले यो मुख्यतः पुस्ताकालयीय विधिमा नै आधारित रहेको छ ।

२.	यसको सामग्री सङ्कलनमा प्रमथमिक स्रोतका रूपमा सामुदायिक विद्यालयमा पठनपाठन हुने **कक्षा ३ को मेरो नेपाली किताव** र निजी विद्यालयमा पठनपाठन हुने **कक्षा ३ कै सरल नेपाली शृङ्खला** पाठ्यपुस्तकलाई सङ्कलन गरी उपयोग गरिएको छ । यी दुई पाठ्यपुस्तकमा दिइएका आन्तरिक र भौतिक पक्षका आधारमा विश्लेषण गरिएको छ । क्रममा पाठ्यपुस्तक निर्माणमा संलग्न भाषा विशेषज्ञ तथा अग्रजहरूको राय सुझावहरूको समेत सहयोग लिइएको छ ।

**१.११ शोधपत्रको ढाँचा**

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवम् सुसङ्गठित ढाँचामा राखेर निम्नानुसार रूपरेखामा प्रस्तुत गरिएको छ

अध्याय १ शोध परिचय

अध्याय २ सैद्धान्तिक परिचय

अध्याय ३ आन्तरिक र बाह्य पक्षका आधारमा पाठ्यपुस्तकहरूको अध्ययन विश्लेषण

अध्याय ४ पाठ्यक्रम अनुरूपताका दृष्टिले निर्धारित पाठ्यसामग्रीको अध्ययन

अध्याय ५ निर्धारित पाठ्यपुस्तकहरूको तुलनात्मक अध्ययन

अध्याय ६ निष्कर्ष र सुझावहरू

सन्दर्भसूची

परिशिष्टः व्यक्तिगत विवरण

# अध्याय दुई

# सैद्धान्तिक परिचय

## २.१ भाषा पाठ्यपुस्तकको परिचय

भाषा मानवीय वस्तु भएकोले प्रत्यक क्षेत्रमा यसको महत्वपूर्ण भूमिका हुन्छ । भाषाको आर्जन व्यक्तिले समाजबाट गर्दछ । भाषाको आर्जन स्वत: हुँदै जान्छ भने अर्कोतिर औपचारिक शिक्षाबाट पनि यसको आर्जन गर्न सकिन्छ ।

भाषा पाठ्यपुस्तकमै भाषाशिक्षण सिकाइने महत्वपूर्ण सामग्री हो । विद्यालयीय शिक्षण सिकाइका सम्पूर्ण क्रियाकलाप पाठ्यपुस्तकमै आधारित हुन्छन् । यसमा भाषिक पाठ्यांशहरूलाई विद्यार्थीको स्तर अनुभव र सिकाइ र आवश्यकताहरूलाई ख्याल गरेर सुसङ्गठित गरिएको हुन्छ ।

निश्चित तहमा खास विषयको निर्धारित पाठ्यांशको लागि व्यवस्थित ढङ्गले तयार पारिएको अपेक्षित शिक्षण सिकाइमा प्रयोग गर्ने सामग्री नै पाठ्यपुस्तक हो । (गुड १९५९:५६७-६८)

विशेषज्ञद्वारा सम्वन्धित क्षेत्रमा उपयोगी हुने शिक्षण प्रक्रियाहरू अँगाली सतर्कतापूर्वक तयार गरिएको कक्षाकोठामा प्रयोग गर्ने सामग्री नै पाठ्यपुस्तक हो । (बेकन ह्यारिस १९६०:१५-१७)

पाठ्यपुस्तक शिक्षण व्यवस्थाको अनिवार्य अंग हो । विद्यालयीय शिक्षण सिकाइका सम्पूर्ण क्रियाकलापहरू पाठ्यपुस्तकमा निर्भर हुन्छन् । पाठ्याक्रमद्वारा निर्धारित उद्देश्यहरू परिपूर्तिका लागि तयार पारिएको साधन पाठ्यपुस्तक हो । यसले विद्यार्थीलाई सम्बन्धित विषयको ज्ञान प्राप्त गर्न मद्दत गर्दछ । पाठ्यपुस्तक कुनै खास विषयमा लेखिएको हुन्छ र सम्बन्धित विषयका शैक्षिक उद्देश्य हासिल गर्ने काममा यसको प्रयोग गरिन्छ । भाषा पाठ्यपुस्तकभित्र दुई आधार उपस्थित हुन्छन्:बाह्य र आन्तरिक । आन्तरिक आधारलाई शैक्षिक आधार र बाह्य आधारलाई भौतिक आधार भनिन्छ । बाह्य आधार अन्तर्गत पाठ्यपुस्तकको भौतिक पक्ष जस्तै:- आवरण पृष्ठ आकार, कागज, बँधाइ, मूल्य आदि पर्दछन् । आन्तरिक आधारभित्र विषयवस्तु विधा,शैली, अभ्यास, चित्र आदि पर्दछन् । असल पाठ्यपुस्तक निर्माणका लागि पाठ्यक्रमका उद्देश्यहरूलाई अनुशरण गर्नुपर्छ । पाठ्यपुस्तक जति सान्दर्भिक भयो त्यति नै मात्रामा त्यसको उपयोगिता बढ्दै जान्छ ।

## २.२ पाठ्यक्रम र पाठ्यपुस्तक बीचको सम्बन्ध

कुनै कक्षा वा तहका लागि भाषिक आवश्यकताहरूको विश्लेषण गरी तिनै आवश्यकता परिपूर्ति गर्ने ध्येयले उपयुक्त किसिमका उद्देश्यले, विषयवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, अङ्कभार, समयभार आदिको व्यवस्थित तर्जुमा गरेर निर्माण गरिने भाषा शिक्षण सिकाइको केन्द्रीय कार्यक्रम वा मूल निर्देशन लाई पाठ्यक्रम भनिन्छ ।

पाठ्यक्रम शिक्षण प्रक्रियाको जग हो । पाठ्यक्रमकै आधारमा पाठ्यपुस्तक निर्माण गरी उपयोगमा ल्याइन्छ । शिक्षण प्रक्रियालाई पाठ्यक्रमले मार्गदर्शन गर्दा भने पाठ्यक्रमकै उद्देश्य अनुरूप शिक्षण सिकाइ कार्यलाप सञ्चालन गर्न क्रमवद्ध रूपमा प्रस्तुत हुने सामग्रीको रूपमा पाठ्यपुस्तकले भूमिका खेलेको हुन्छ । पाठ्यक्रमद्वारा निर्दिष्ट कुराहरू प्रस्ट्याउने काम पाठ्यपुस्तकद्वारा हुने गर्दछ ।

पाठ्यक्रम र पाठ्यपुस्तकको प्रकृति विषयको प्रकृति अनुरूप फरक-फरक हुने गर्दछ । यस अनुसार भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको प्रकृति विषयको प्रकृति अन्य विषयको पाठ्यपुस्तकभन्दा फरक हुन्छ । भाषा पाठ्यक्रमले तय गरेका उद्देश्य तथा निर्देशन गरेका भाषिक विषयहरूको क्षेत्र र क्रमको दायराभित्र रही शिक्षण शिकाइका निम्ति उपयोगी हुने गरी भाषिक सामग्रीहरूको विस्तृत सङ्कलन भाषा पाठ्यपुस्तकमा गरिएको हुन्छ । तसर्थ पाठ्यक्रमको निर्देशन बिना पाठ्यपुस्तकले कुनै पनि काम गर्दैन । पाठ्यक्रमको विस्तृत रूप पाठ्यपुस्तक हो भने पाठ्यपुस्तकको  मार्गदर्शन पाठ्यक्रम हो । पाठ्यक्रममा प्रत्येक तहका प्रत्येक कक्षामा के कस्ता भाषिक सिपहरू सिकाउने र कुन क्रममा सिकाउने जस्ता कुराहरू समावेश भएका हुन्छन् । पाठ्यक्रममा शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयवस्तुको छनोट, शिक्षण व्यवस्थापन, विषयवस्तुको क्रम, अङ्क विभाजन आदि कुराहरू निर्देशित हुन्छन् र त्यसैअनुसार पाठ्यपुस्तक तयार गरिन्छ । तहगत उद्देश्य अनुरूप विषयवस्तुको छनोट गरिन्छ । विषयवस्तुको छनोट गर्दा त्यसकै क्षेत्र क्रमको सङ्गठनलाई पाठ्यपुस्तक निर्माण गरिनुका साथै पाठ्यपुस्तक र पाठ्यक्रम एकै सिक्काका दुई पाटा मानिन्छन् । अर्कोतर्फ मूल्याङ्कनमा शैक्षिक प्रक्रिया, शैक्षिक कार्यक्रमको स्वरूप, विद्यार्थी उपलब्धि तस्ता पक्षहरूको जानकारी लिइन्छ, जुन पाठ्यपुस्तकमा आधारित हुन्छ । साथै जुनसुकै मूल्याङ्कन गर्दा पनि पाठ्यपुस्तकलाई आधार बनाइन्छ । यसै गरी गरिने

मूल्याङ्कन पाठ्यपुस्तकमै आधारित हुन्छ । पाठ्यक्रमले विस्तृत रूपमा निर्देशन गरेका कुराहरूको आधारमा पाठ्यपुस्तक निर्माण गरी उपयोगमा ल्याइने हुनाले यी पाठ्यपुस्तकबीच घनिष्ट सम्बन्ध रहेको देखिन्छ ।

## २.३ भाषा पाठ्यपुस्तकमा अध्ययन विश्लेषणका आधारहरू

पाठ्यक्रमको उद्देश्य र निर्देशन बमोजिम नै विद्यालयमा प्रयोग भाषा पाठ्यपुस्तकको निर्माण गर्ने गरिन्छ । अझ हाम्रो जस्तो विकासोन्मुख देशमा त शिक्षण सिकाइ क्रियाकलापको प्रमुख माध्यम नै पाठ्यमुस्तकलाई नै मानिँदै आएको छ । जसका कारणले पनि शिक्षाका विषयगतदेखि लिएर राष्ट्रिय उद्देश्यसम्म हासिल गर्ने र गराउने प्रमुख साधनसमेत पाठ्यपुस्तक नै रहेको छ । त्यसैले लिएर राष्ट्रिय उद्देश्यसम्म हासिल गर्ने र गराउने प्रमुख साधनसमेत पाठ्यपुस्तक नै रहेको छ । त्यसैले अहिले सरकारी र निजी तहबाट प्रकाशित पाठ्यपुस्तक समयसापेक्ष छन् कि छैनन् बाल मनोविज्ञानअनुसार छन् कि छैनन् भनेर अध्ययन र विश्लेषण गरिनु जरूरी  छ ।

भाषापाठ्यपुस्तकको अध्ययन र विश्लेषण मुख्यतः दुई आधारमा गर्ने गरिन्छः आन्तरिक वा शैक्षिक पक्ष र बाह्य वा भौतिक पक्ष । आन्तरिक पक्षभित्र पाठ्यपुस्तकभित्रको विषयवस्तु, विधा र प्रस्तुति, भााषिक संरचना, नमुना अभ्यास, चित्र भूमिका र निर्देशन आदि पर्दछन् । यिनीहरूको संक्षिप्त रूपमा तल वर्णन गरिएको छ ।

### २.३.१ आन्तरिक आधार

भाषपाठ्यपुस्तक निर्माणका क्रममा पाठ्यपुस्तकको आन्तरिक पक्षलाई बढी महत्व दिनुपर्छ । पाठ्यपुस्तकका आन्तरिक पक्षअन्तर्गत विषयवस्तु विधा वा प्रस्तुति, भाषिक संरचना नमुना अभ्यास चित्र छनोट, भूमिका, निर्देशन आदि पर्दछन् ।

#### २.३.१.१ विषयवस्तु

पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य परिपूर्ति गर्ने खालका वा सो क्षेत्रसंग सम्बन्धित विषयवस्तुको छनोट भाषा पाठ्यपुस्तकमा हुनुपर्दछ । ती  विषयवस्तुहरूका विद्यार्थीको बौद्धिक क्षमताले भ्याउन सक्ने खालको, बालमनोविज्ञनलाई आधार बनाएर उनीहरूलाई पठनपाठनमा आकर्षित गर्ने किसिमले छनोट गर्नुपर्दछ । नैतिकता, अनुशासन, विभिन्न मूल्य र मान्यताहरू सिकाउन क्षमता ती विषयवस्तुभित्र समावेश भएको हुनुपर्दछ । पाठहरू मात्र आकर्षक राखेर हुँदैन त्यसमा भाषा

पनि सरल र बोधमय हुनु पर्दछ । छनोट गरिएका पाठहरूमा वाक्यात्मक असङ्गति, वर्णविन्यासगत त्रुटि, अपरिचित तथा निस्क्रिय र क्लिष्ट शब्दभण्डार भाषा पाठ्यपुस्तकमा अपेक्षित ढङ्गले सिकाउनु राम्रो हुन्छ । यसमा राखिएका विषयवस्तुहरू सामाजिक र वातावरण अनुसारको सांस्कृतिक धार्मिक क्षेत्रलाई समेट्न सक्ने भाषाशिक्षणका सूत्रहरूमा आधारित प्रयोगात्मक सिपमुलक र व्यवहारिक हुनुपर्दछ ।

### २.३.१.२ विधा वा प्रस्तुति

भाषाको चारै सीपको वृद्धि र विकासका लागि भाषा पाठ्यपुस्तकमा विधागत विविधता हुनु आवश्यक देखिन्छ । भाषिक सिपको अभ्यासका लागि विभिन्न प्रकारका विधाहरूको फरक-फरक प्रस्तुति मह्त्त्वपूर्ण मानिन्छन् । विधागत पाठहरूको छनोट गर्दा विद्यार्थीको उमेर,स्तर,शिक्षकहरूको भनुभव र बौद्धिक क्षमता, उपयुक्त र आकर्षक शीर्षक आदि पक्षमा विचार पुऱ्याउनु पर्दछ । हरेक विधाका आ-आफ्नै प्रकारका शैलीगत संरचना र विशेषता हुन्छन् । विधाहरूको छनोटमा विशेष ध्यान दिई विधाको प्रस्तुतीकरण सरलदेखि जटिलताको क्रम अनुरूप राखिनु पर्दछ ।

### २.३.१.३ भाषिक संरचना

भाषा पाठ्यपुस्तकको पाठमा प्रयोग गर्ने भाषा विद्यार्थीको स्तर र रूचि पहिचान गर्ने खालको हुनुपर्दछ । भाषको जटिल संरचना प्रस्तुत गरेर लेखिएका पाठ्यपुस्तकहरू प्रारम्भिक र मध्यम स्तरसम्म अुपयुक्त मानिन्छन् किनकि त्यस्ता संरचनाले विद्यार्थीको भाषा सिकाइ र अभ्यासमा नकारात्मक प्रभाव पार्न सक्छ । भाषिक संरचनाको स्तर त्यसमा प्रयुक्त शब्दहरूको सरलता र जटिलतामा निर्भर हुन्छ । त्यसैले भाषा पाठ्यपुस्तकका भाषा जटिल संरचना र शैलीमा राख्नु हुदैन । भाषपाठ्यपुस्तकका भाषा विद्यार्थीको स्तर र क्षमता अनुरूप सरल व्यवहारिक तथा रूचिपूर्ण हुन जरूरी छ ।

### २.३.१.४ नमुना अभ्यास

भाषापाठ्यपुस्तकको महत्वपूर्ण सामग्री भाषा पाठ्यपुस्तक भएकाले यसले पाठ्यक्रममा भाषिक उद्देश्य पूरा गर्ने गरी अभ्यासहरूको उपयुक्त व्यवस्था मिलाउनु अत्यन्त आवश्यक छ । भाषा पाठ्यपुस्तकका प्रत्येक पाठका अन्त्यमा राखिएका नमुना अभ्यासहरू कक्षाको स्तर, विद्यार्थीको क्षमता, रूचि र सिकाइ प्रवृत्ति अनुरूप तय गरिएको हुनुपर्दछ । स्तर र आवश्यकता हेरी सुनाइ,

बोलाइ, पढाइ, लेखाइ सबैको सन्तुलित अभ्यासको व्यवस्था मिलाउनु पर्दछ । विधागत विविधता अनुरूप भाषा प्रयोगका विशिष्ट क्षेत्रहरूमा विद्यार्थीहरूलाई सरिक गराउन मिल्ने गरी अभ्यासहरूको समेत व्यवस्था मिलाउनु पर्दछ । प्राथमिक तहदेखि नै पाठ्यपुस्तकभित्रै रूचिपूर्ण, सीपपरक र सिर्जनात्मक खालका नमुना अभ्यास राख्नुपर्दछ ।

### २.३.१.५ चित्र

पाठ्यपुस्तकलाई आकर्षक र रूचिपूर्ण बनाउन चित्रहरूको महत्वपूर्ण स्थन रहेको हुन्छ । भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने चित्रहरू आकर्षक र उपयुक्त खालका हुनुपर्दछ । साना आकार एवं अनाकर्षक रङ्गले विद्यार्थीको मनलाई आकर्षित गर्न सक्दैन । त्यसैले भाषा पाठ्यपुस्तकमा स्तर र आवश्यकता हेरी चित्रहरूको प्रयोग गरिनु राम्रो मानिन्छ । विषयगत ज्ञान, भाषिक सिप, स्पष्ट धारणा दिने खालका चित्रहरू पाठ्यपुस्तकमा समावेश गरिनुपर्दछ । प्राथमिक तहका कक्षाहरूमा ठुला र रङ्गीन चित्रहरू राखिनुका साथै व्यवहारिक र सान्दर्भिक पनि हुनु जरूरी छ ।

### २.३.१.६ अन्य आधार

पाठ्यपुस्तकभित्र माथिका आन्तरिक विशेषता बाहेक अन्य गुणहरू पनि हुन्छन् । जसलाई निम्न अनुसार देखाइन्छः

**छनोट :**

पाठ्यपुस्तकको छनोटको सिद्धान्तलाई पनि विशेष ध्यान पुऱ्याउन सक्नुपर्छ । पाठ्यपुस्तकमा राखिने विषयवस्तुहरू पाठ्यक्रमका उद्देश्यअनुरूप हुनुपर्छ । बालबालिकाको मनोविज्ञान अनुसार छनोट गरिनु आवश्यक हुन्छ । यी कुराहरूलाई पनि पाठ्यपुस्तकले समेट्न सक्नुपर्छ ।

**स्तरणः**

छनोट भइसकेका विषयवस्तुलाई जथाभावी ढङ्गले पाठ्यपुस्तकमा राखिनु हुँदैन । छनोटमा  परेका विषयवस्तुलाई सरलबाट जटिल, मूर्तबाट अमूर्त कसरी मिलाउने भन्ने कुरामा ध्यान दिन अत्यावश्यक हुन्छ । विषयको प्रकृति र संसचना अनुरूप पाठ्यवस्तुको स्तरण गरिनुपर्छ ।

**भूमिका, निर्देशन**

पाठ्यपुस्तक लेखेर मात्र हुँदैन त्यसमा लेखकहरूको आफ्नो पुस्तकका बारेमा दिएका निर्देशन र भूमिकालाई पनि हेर्नुपर्दछ । विषयवस्तुको आदि मागअन्तर्गत पर्ने विभिन्न निर्देशन शिक्षकहरूलाई दिएको हुनुपर्दछ ।

**२.३.२ बाह्य आधार**

असल भाषा पाठ्यपुस्तक निर्माण गर्नका लागि पाठ्यपुस्तकको आन्तरिक पक्ष सबल भएर मात्र हुँदैन । त्यसको बाह्य पक्ष पनि सबल हुनु आवश्यक मानिन्छ । भाषा पाठ्यपुस्तकमा बाह्य पक्षमा रहेका आवरण पृष्ठ आकार वा बनोट, छपाइ, बँधाइ, कागज, स्तर, मूल्य, सुलभता आदि कुराहरू पर्दछन् । झट्ट हेर्दा पाठ्यपुस्तक तथा विविध प्रविधिक पक्षहरू के-कस्तो हुनुपर्ने भन्ने कुरा नै यसका बाह्य कुराहरू अन्तर्गत पर्दछन् ।

**२.३.२.१ आवरण पृष्ठ**

भाषा पाठ्यपुस्तकको बाहिरी भागलाई आवरण पृष्ठ भनिन्छ । आवरण हेर्ने वित्तिकै विद्यार्थीहरूलाई पढूँ पढूँ लाग्ने बाक्लो र बलियो भएमा राम्रो मानिन्छ । आकर्षक आवरण पृष्ठमा पाठ्यपुस्तकको नाम, प्रकाशकको नाम, तह कक्षा जनाइएको हुन्छ । यो सफा चिल्लो, बलियो र आकर्षक हुनु आवश्यक छ ,

**२.३.२.२ बनोट/आकार**

भाषा पाठ्यपुस्तकको आकार वा बनोट विद्यार्थीको तह र स्तर अनुसार आकर्षक, बोक्न सजिलो, र सुविधायुक्त हुनु आवश्यक मानिन्छ । पाठ्यपुस्तकको आवरण कागज पातलो खालको भएमा छिटै च्यातिने र खुम्चिने भएकाले गाता जस्तै बलियो र दह्रो आवरण कागज भएमा उपयुक्त हुन्छ । अझ प्लाष्टिक कोटेड गरेर आवरणलाई प्रस्तुत गर्न सकेमा मैलिने, फोहोर हुने र भिज्ने जस्ता यावत् कुरा पनि जोगाउन सकिन्छ । प्राथमिक तहका लागि १२ इञ्च चौडाइ, १६ इञ्च लम्बाइ भएका किताब व्यवहारिक आकारका हुन सक्छन् ।

**२.३.२.३ कागजको स्तर**

पाठ्यपुस्तकको बाह्य आधारका रूपमा कागजको स्तरलाई पनि महत्वपूर्ण मानिन्छ । पाठ्यपुस्तकको लागि कागज चिल्लो, बाक्लो र सेतो हुनुपर्दछ । एकापट्टिको छपाइ अर्कापट्टि

नदेखिने, बलियो स्तर उच्च कोटिको हुनु आवश्यक छ । त्यसमा पनि प्राथमिक तहका पाठ्यपुस्तक झन अपेक्षाकृत रूपमा बलियो, राम्रो र स्तरीय कागजहरूले निर्मित हुनु बाञ्छनीय ठहरिन्छ । किनकि माथिल्लो स्तरका विद्यार्थीहरूको जस्तो प्राथमिक स्तरका विद्यार्थीले पाठ्यपुस्तकको हिफाजत गर्न सक्दैनन् ।

### २.३.२.४ **छपाइ**

छपाइ अन्तर्गत किनारा मोडाइ, पाठका शीर्षक, उपशीर्षक, अभ्यास आदिमा उपयुक्त अक्षरका आकार प्रकार र ठाउँ छोडाइका कुराहरू पर्ने गर्दछन् । कक्षा ४-५ मा सामान्यता १६ प्वाइन्टसम्मको अक्षर उपयुक्त मानिन्छन् । यसमा प्रयोग गरिने मसी पनि उपयुक्त र आकर्षक किसिमको नै हुनुपर्दछ ।

### २.३.२.५ **बँधाइ**

पाठ्यपुस्तकको बँधाइ प्रविधि मजबुत र वैज्ञानिक हुन आवश्यक छ । कागज उप्किने र खलबलिने गरी कमजोरी बँधाइ वा सिलाइ गरिनु हुँदैन । राम्रोसँग सिलाइएको, फेविकोलले राम्रोसँग चिप्काइएको हुनुपर्दछ । पाठ्यपुस्तकको बँधाइमा प्राथमिक तहमा अझ विशेष ध्यान दिनु पर्दछ ।

### २.३.२.६ **मूल्य**

पाठ्यपुस्तकलाई उपयोगी र प्रभावकारी बनाउने अर्को महत्वपूर्ण तत्व पाठ्यपुस्तकको मूल्य पनि हो । पाठ्यपुस्तकको मूल्य चर्को भयो भने सबै अभिभावकहरूले समयमै किनिदिन सक्दैनन् । जसले गर्दा विद्यार्थीहरूमा मनावैज्ञानिक असर गर्नुको साथै पठनपाठनप्रति वितृष्णा पैदा हुन्छ । त्यसैले पाठ्यपुस्तकको मूल्य मुनाफारहित तथा खर्च उठाउने उद्देश्यले मात्रामा तय गरिनुपर्दछ ।

### २.३.२.७ **सुलभता**

हाम्रो जस्तो अत्यधिक स्थानहरू दुर्गम क्षेत्र भएको देशमा पाठ्यपुस्तक सुलभ हुनु आवश्यक छ । सहरी क्षेत्रमा जति सजिलै भनेको बेलामा पाठ्यपुस्तक उपलब्ध हुन सक्छ त्यति सजिलै हुर्गम र ग्रामीण क्षेत्रमा विरलै मात्रामा पाठ्पुस्तक प्राप्त हुने गर्दछन् । शैक्षिक सत्र सुरू हुँदा पनि कैयौं ठाउँहरूमा पाठ्यपुस्तक उपलब्ध हुन सक्दैनन् । त्यसैले जुनसुकै पाठ्यपुस्तक पनि शैक्षिक शत्र सुरू हुनु अगावै आवश्यक मात्रामा पाठ्यपुस्तक उत्पादन गरी सम्बन्धित ठाउँमा पुऱ्याएर सुलभ गराउने प्रयास गरिरहनु आवश्यक देखिन्छ ।

# अध्याय- तीन

# आन्तरिक र बाह्य पक्षका आधारमा निर्धारित पाठ्यपुस्तकहरूको अध्ययन तथा विश्लेषण

## ३.१ कक्षा तीनको मेरो नेपाली किताबको अध्ययन

कक्षा ३ मा पढ्ने बालबालिकाहरूका लागि तयार पारिएका पाठ्यपुस्तकहरू उनीहरूको रूचि, स्तर, क्षमता र पूर्व अनुभवसँग सम्वन्धित भएर मात्र निर्माण गरिनुपर्दछ ।

कक्षा तीनको "मेरो नेपाली" सामुदायिक विद्यालयमा अनिवार्य रूपमा पठनपाठन हुने पाठ्यपुस्तक हो । पाठ्यक्रम विकास केन्द्रले यस कक्षाको पाठ्यक्रम कक्षागत र विषयगत उद्देश्यलाई बढी व्यवहारिक र उद्देश्यमुलक बनाउन राष्ट्रिय शिक्षा आयोगद्वारा निर्दिष्ट शिक्षाको राष्ट्रिय उद्देश्यलाई मूल आधार बनाई निमणि गरेको छ । यस पाठ्यपुस्तकलाई आन्तरिक र बाह्य पक्षका आधारका निम्नानुसार विश्लेषण गरिएको छ ।

### ३.१.१ आन्तरिक वा शैक्षिक पक्षका आधारमा मेरो नेपाली किताबको अध्ययन

#### ३.१.१.१ विषयवस्तु

कक्षा तीनको मेरो नेपाली किताबलाई हेर्दा यसभित्र जम्मा १८ वटा पाठहरू रहेका छन् । तीमध्ये ६ वटा कविता, ५ वटा कथा, ४ वटा प्रवन्ध २ वटा संवाद, र १ वटा जीवनी गरी जम्मा १८ वटा पाठहरू राखिएका छन् । यी पाठहरूमा राखिएका विषयवस्तु, सामाजिक, सांस्कृतिक, नैतिक, लोक र पौराणिक जीवनसँग सम्वन्धित राष्ट्रप्रेम जगाउने खालका छन् । यस पाठ्यपुस्तकमा रहेका विषयवस्तुहरू मूलतः वर्णनात्मक, मनोरञ्जनात्मक, एवम् संवादात्मक प्रकृतिका छन् । कथा विधा पौराणिक लोककथासँग सम्वन्धित छन् । प्रवन्ध विधा व्यावसायिक, प्राकृतिक र वातावरणीय वैज्ञानिक पक्षसँग सम्वन्धित छन् । कविताहरू राष्ट्रिय प्राकृतिक, तथा उपदेशमुलक छन् ।

यस पाठ्यपुस्तकलाई विधागत प्रयोगका दृष्टिबाट हेर्दा पाँच किसिमका विधाहरू प्रस्तुत भएका छन् । ती विधाहरू र विधाअन्तर्गत सम्बद्ध पाठहरू तलको तालिकामा देखाइएको छः

**तालिका नं. १**

मेरो नेपाली किताब का विधागत पाठहरू, क्षेत्र र संख्या

| क्र.स. | विधा | विद्यागत पाठहरू | क्षेत्र | संख्या |
|---|---|---|---|---|
| १ | कथा | १.ढुङ्गाको खिचडी<br>२.अनौठो परीक्षा<br>३.नयाँ वर्षको उपहार<br>४.वाँदर र गोही<br>५.छट्टू बटुवा | लोककथा<br>नैतिक कथा<br>जापानी लोककथा<br>लोककथा<br>मनोरञ्जनात्मक | ५ |
| २ | कविता | १.मेरो देश<br>२.किताब<br>३.खेतीवाल<br>४.नेपाली<br>५.घामछायाँ<br>६.सानु छ है सानु | देश भक्ति<br>उपदेशमुलक<br>उपदेशमुलक<br>देशभक्ति<br>प्राकृतिक<br>उपदेशात्मक | ६ |
| ३ | प्रबन्ध | १.म को हूँ ?<br>२.खेर नफालौँ<br>३.सगरमाथा<br>४.वीरमानका दिन फर्किए | वर्णनात्मक<br>चेतनामुलक<br>वर्णनात्मक<br>वातावरणीय | ४ |
| ४ | संवाद | १.हाटबजार<br>२.अचम्मको कुरा | जनकारीमुलक<br>मनोरञ्जनात्मक | २ |
| ५ | जीवनी | महाकवि देवकोटा | प्रेरणामुलक | १ |

यस पाठ्यपुस्तकमा राखिएका १८ वटा पाठमध्ये कथा ५, कविता ६, प्रबन्ध ४, जीवनी १ रहेका छन् । कथाहरूमध्ये **ढुङ्गाको खिचडी** लोककथा, **अनौठो परीक्षा** नैतिक कथा, **नयाँ वर्षको उपहार** जापानी लोककथा, **बाँदर र गोही** लोककथा, **छट्टु बटुवा** मनोरञ्जनात्मक कथा रहेका छन् । यसै

गरी कविता विधाका पाठहरूमध्ये **मेरो देश** देशभक्ति, **किताब** उपदेशमुलक, **खेतीवाल** उपदेशमुलक, **नेपाली** देशभक्ति, **घाम छायाँ** प्राकृतिक, **सानु छ है सानु** उपदेशात्मक रहेका छन् । त्यसैगरी प्रबन्ध विधामा रहेका **म को हुँ** वर्णनात्मक, **खेर नफलौँ** चेतनामुलक **सगरमाथा** वर्णनात्मक, **वीरमानका दिन फर्किए** वातावरणीय विषयसँग सम्बन्धित छन् । संवादमा **हाटबजार** जानकारीमुलक र **अचम्मको कुरा** मनेरञ्जनात्मक रहेका छन् । एउटै मात्र रहेको जीवनी विधा **महाकवि देवकोटा** प्रेरणामुलक रहेको छ ।

यस पाठ्यपुस्तकमा रहेका पाठहरूमध्ये ६ वटा पद्य विधाका रहेका छन् भने बाँकी १२ वटा पाठ गद्य विधाअन्तर्गत रहेका छन् । यसमा राखिएका पद्य विधाहरूमा **मेरो देश** कवितामा तीन हरफ **किताब** कवितामा चार हरफ **खेतीवाल** कवितामा चार हरफ नेपाली कवितामा ३ हरफ **घामछायाँ** कवितामा तीन हरफ **सानु छ है सानु** कविता चार हरफ रहेका छन् । यसै गरी पाठको लम्बाइका दृष्टिले हेर्दा तीस वाक्यहरूमा संरचित **सगरमाथा** प्रबन्धदेखि लिएर पचहत्तर वाक्यमा संरचित **छट्टू वटुवा** कथासम्म रहेको छ । विधागत रूपमा हेर्दा **मेरो देश** कवितामा बाह्र पङ्क्ति, **घामछायाँ** कवितामा बाह्र पङ्क्ति र **सानु छ है सानु** कवितामा सोह्र पङ्क्ति गरी कविता विधाअन्तर्गत जम्मा ८४ पङ्क्ति रहेका छन् । **ढुङ्गाको खिचडी** ४६ वाक्य, **अनौठो परीक्षा** ४१ वाक्य, **नयाँ वर्षको उपहार** ६२ वाक्य, **बाँदर र गोही** ४२ वाक्य र **छट्टू बटुवा** ७५ वाक्य गरी जम्मा २६६ वाक्य रहेका छन् । प्रबन्ध विधाअन्तर्गत **म को हूँ** ३९, **खेर नफालौँ** ३५, **सगरमाथा** ३०, **वीरमानका दिन फर्किए** ३३ गरी जम्मा १३६ वाक्यहरु रहेका छन् । संवाद विधाअन्तर्गत **हाटबजार**मा २२ संवाद र ३५ वाक्य, **अचम्मको कुरा** ३३ संवाद, ६० वाक्य गरी जम्मा ५५ संवाद र ९५ वाक्य रहेका छन् । त्यसै गरी जीवनी विधाअन्तर्गत **महाकवि देवकोटा** ३६ वाक्यमा संरचित छ । यसले के देखाउँछ भने पाठहरुको लम्बाइ ज्यादै छोटोदेखि लिएर ज्यादै लामोसम्म नभए पनि क्रम मिलेको र सुहाउँदिलो नै देखिन्छ । पाठ शीर्षकहरु एक शब्ददेखि चार शब्दसम्म रहेका छन् ।

### ३.१.१.२ भाषिक संरचना र शैली

पाठ्पुस्तकमा प्रत्येक विधागत पाठको प्रथम अभ्यासमा पढाइ, सुनाइ र भनाइ सीप अभ्यासहरू राखिएका छन् । दोस्रो अभ्यासमा पढाइ र लेखाइ सीपको प्रयोग भएको छ । त्यस्तै अन्य प्रकृतिका अभ्यासहरू पनि राखिएका छन् । जस्तैः शब्द र अर्थको जोडा मिलाउने, अर्थ खुल्ने गरी वाक्यमा

प्रयोग गर्ने, प्रश्नोत्तर, खाली ठाउँ भर्ने विपरीतार्थी शब्दहरू लेख्ने, क्रम मिलाएर लेख्ने आदि । लम्बाइका दृष्टिले बिधागत पाठहरूको संरचना निम्नानुसार राखिएको छ ।

कविताका श्लोकहरू क्रमशः ३,४,४,३,३,४ हरफमा संरचित छन् । कथाहरू क्रमशः ४६,४१,६२,४२,६५ वाक्यमा संरचित छन् । प्रबन्धहरू ३९,३५,३०,३३ वाक्यमा संरचित छन् । त्यसै गरी संवादहरू क्रमशः ६० र ३५ वाक्यमा संरचित छन् । जीवनी ३६ वाक्यमा संरचित छ । यस पाठ्यपुस्तकमा जम्मा १०४ पृष्ठ रहेको छ । गद्य विधाका पाठहरूका सरल वाक्यको प्रयोग बढी र संयुक्त र मिश्र वाक्यको प्रयोग अलि कम भएको देखिन्छ । वाक्यमा शब्द संख्याका दृष्टिले हेर्दा 'रात परिसक्यो' (पृष्ठ ६), 'गुरूले भने' (पृष्ठ २५) 'झिकेर देऊ' (पृष्ठ ९८) 'स्वास्नी रून थाली' (पृष्ठ १००), 'साँझको बेला थियो' (पृष्ठ ५), 'बुढी जाती थिइन्' (पृष्ठ ५) जस्ता २/३ शब्द वाक्यहरूदेखि लिएर १२/१५ शब्दहरूसम्मका वाक्यहरूको संरचना भएको छ । बटुवाले फेरि भन्यो, 'यसमा अलिकति दाल र चामल पनि मिसाउन पाए त यो झन स्वादिलो हुन्थ्यो' भन्ने १५ शब्दको वाक्य 'दुङ्गाको खिचडी' (पाठ २, पृष्ठ ८) बाट लिइएको हो । 'ऊर्जाबाट खाना पकाउने, बत्ती बाल्ने, मेसिनहरू चलाउने आदि कामहरू गर्न सकिन्छ' भन्ने वाक्य पाठ ९, पृष्ठ ५१ मा दिइएको छ । 'ती दयालु बुढाबुढीले नयाँ वर्षको त्यो रातमा अति साधारण खाना खाए तर पनि उनीहरूले त्यसैमा सन्तोष गरे' (नयाँ वर्षको उपहारः पाठ ८ पृष्ठ ४४) ।

पद्य विधाका पाठहरूलाई हेर्दा 'छरी दानुदानु' (सानु छ है सानुः पृष्ठ ८६) जस्तो २ शब्ददेखि लिएर 'हारी भागे साम्राज्य ती हारेँ मैले कता' (पृष्ठ ५५ नेपाली कविता) जस्ता ७ शब्दसम्मका हरफहरू रहेका छन् । कविताको संरचना देशभक्ति, उपदेशमुलक र प्राकृतिक रहेका छन् ।

विधागत शैलीका दृष्टिबाट पनि पाठहरू हेर्न सकिन्छ । विधागत शैलीका दृष्टिले हेर्दा कविताहरू **देशभक्ति**, उपदेशमुलक र प्राकृतिक विषयवस्तुसँग सम्बन्धित रहेका छन् भने कथाहरूमा **ढुङ्गाको खिचडी**, **बाँदर र गोही** लोककथा, **परीक्षा** नैतिक कथा, **नयाँ वर्षको उपहार,** जापानी लोककथा र **छट्टू बटुवा** मनोरञ्जनात्मक विषयवस्तुमा आधारित रहेका छन् । यसै गरी प्रबन्ध विधामा **म को हुँ** र **सगरमाथा** वर्णनात्मक, **खेर नफालौं** चेतनामुलक र **वीरमानका दिन फर्किए** वातावरणीय विषयवस्तुमा आधारित रहेका छन् । संवादमा **हाटबजार** जानकारीमुलक र **अचम्मको कुरा** मनोरञ्जनात्मक विषयवस्तुमा आधारित रहेका छन् । त्यस्तै जीवनी विधा अन्तर्गत **महाकवि देवकोटा** प्रेरणामुलक उद्देश्य केन्द्रित रहेको छ ।

व्याकरणका लागि छुट्टै पाठहरू प्रयोग भएका छैनन् । अभ्यासमा कार्यमुलक व्याकरणसम्बन्धी अभ्यासहरू राखिएका छन् । भाषा तत्व प्रयोगका दृष्टिले हेर्दा सबै विधाका पाठहरूमा भाषा तत्व स्वाभाविक रूपले अन्तर्निहीत छ ।

### ३.१.१.३. नमुना अभ्यास

भाषा पाठ्पुस्तकका अध्ययन विश्लेषणका आधारहरूमध्ये नमुना अभ्यास मुख्य मानिन्छ । भाषा पाठ्यपुस्तकमा राखिएका विधागत पाठ अनुरूप नमुना अभ्यासहरू हुनुपर्दछ । 'मेरो नेपाली कक्षा तीन' का हरेक विधागत पाठहरूका अन्त्यमा अभ्यासहरू राखिएका छन् । हरेक पाठका अन्त्यमा पहिले सुनाइ र बोलाइ सीपसम्बन्धी अभ्यास दिइएको छ । यस पाठ्पुस्तकमा प्रश्नोत्तर, उच्चारण गर्ने, खाली ठाउँ भर्ने, जोडा मिलाउने, शुद्ध गरी लेख्ने, वाक्यमा प्रयोग गर्ने, उल्टो अर्थ दिने, तालिकाबाट मिल्ने वाक्य बनाउने जस्ता विभिन्न प्रकृतिका अभ्यासहरू राखिएका छन् । हरेक विधाका पाठहरूका अन्त्यमा ८ देखि १२ वटा अभ्यासहरू राखिएका छन् । उक्त अभ्यासहरू विभिन्न प्रकृतिका छन् । हरेक वर्गीकृत समूहका प्रकृतिसँग मिल्ने अभ्यासहरू निम्न प्रकारका छन् :

| | |
|---|---|
| १. शुद्ध उच्चारण गर्ने | १५ अभ्यासहरू |
| २. जोडा मिलाउने | १० अभ्यासहरू |
| ३. खाली ठाउँ भर्ने | १८ अभ्यासहरू |
| ४. वाक्य निर्माण गर्ने | १३ अभ्यासहरू |
| ५. प्रश्नोत्तर | २२ अभ्यासहरू |
| ६. ठीक बेठीक छुट्ट्याउने | ३ अभ्यासहरू |
| ७. पठन बोध | १३ अभ्यासहरू |
| ८. शुद्ध लेख्ने | ७ अभ्यासहरू |
| ९. अन्य | ६६ अभ्यासहरू |

यसरी विभिन्न प्रकृतिका अभ्यासहरू १६७ वटा रहेका छन् । नमुना अभ्यासभित्र पनि विविधता पाइन्छ । जस्तैः खाली ठाउँ भर्ने अभ्यासमा कतै मिल्दो शब्द राखेर खाली ठाउँ भर भनी दिइएको छ भने कतै दिइएको शब्दलाई केही थप गरी उदाहरण अनुसार खाली भर भनी दिइएको छ । अभ्यासको प्रकृति पाठअनुकूल नै रहेको छ ।

यसरी राखिएका कुनै पनि अभ्यासहरूबाट एक वा एक भन्दा बढी भाषिक सीप विकास गराउने अपेक्षा गरेको पाइन्छ । तर सबै पाठ अन्तर्गत सबै भाषिक सीपलाई समेट्ने किसिमका अभ्यासहरू राखेको देखिँदैन ।

समग्रंमा भाषिक सीप सम्बन्धी अभ्यासहरू निम्नानुसार छन् :

| | |
|---|---|
| सुनाइ र बोलाइ सीप | २५ |
| पढाइ सीप | २० |
| लेखाइ सीप | १२२ |

यहाँ सुनाइ र बोलाइृ सीपसँग सम्बन्धित अभ्यासहरू एकै ठाउँमा राखिएको छ किनकि यी दुबै सीपहरू सँगसँगै विकास हुन्छन् । पढाइ र लेखाइ सम्बन्धी अभ्यासहरू छुट्टाछुट्टै राखिएका छन् ।

### ३.१.१.४. चित्र

यस पाठ्पुस्तकमा विधागत पाठहरूमा प्रशस्तै चित्रहरू प्रयोग भएका छन् । अभ्यासहरूमा पनि पाठ ३ मा १, पाठ १४ मा १ र पाठ १५ पाठ मा २ गरी जम्मा चार चित्रहरू प्रयोग गरिएका छन् । यस पाठ्पुस्तकमा भएका १८ वटै पाठहरूमा प्रशस्त चित्रहरू राखिएका छन् । जसमध्ये पाठ १, पाठ ४, पाठ ६, पाठ १०, पाठ ११, पाठ १३, पाठ १५ र पाठ १६ मा १/१ चित्रहरू राखिएका छन् । पाठ १२ मा २, पाठ ५,७,१४,१७ र १५ मा ३/३ वटा चित्रहरू राखिएका छन् । पाठ ३ मा ४ र पाठ २ र ८ मा ५/५ वटा चित्रहरू राखिएका छन् भने पाठ ९ मा ७ वटा चित्रहरू छन् । पाठ्पुस्तकका विधागत पाठका अभ्यासमा समेत गरी जम्मा ५० वटा चित्रहरू रहेका छन् र यी सबै चित्रहरू सादा रहेका छन् ।

### ३.१.१.५. भूमिका निर्देशन

यस पाठ्यसामग्रीमा जम्मा चारवटा पृष्ठहरू भूमिका खण्डअन्तर्गत रहेका छन् । प्रथम भित्री पृष्ठमा पाठ्यसामाग्रीको नाम, कक्षा तथा प्रकाशकको नाम रहेको छ ।

दोस्रो पृष्ठमा प्रकाशनको नाम संस्करण र परिमार्जित गरेको साल, मूल्य र मुद्रकको नाम दिइएको छ । तेस्रो पृष्ठमा हाम्रो भनाइ अर्थात् पाठय्क्रम विकास केन्द्र, पाठ्यपुस्तकका लेखक तथा यसको विषयमा संलग्न सबै प्रति हार्दिक कृतज्ञता प्रकट गरिएको छ । चौथो पृष्ठमा विषयसूची अन्तर्गत पाठशीर्षक, पृष्ठ संख्या, पाठ नं., कथा, कविता, प्रबन्ध, संवाद र जीवनी विधाहरूको उल्लेख गरिएको छ ।

### ३.१.२. बाह्य वा भौतिक पक्षका आधारमा मेरो नेपाली किताबको अध्ययन

### ३.१.२.१. आवरण पृष्ठ

यस पाठ्यपुस्तकको अगाडिको भागमा एउटा बालक र एक बालिका स्कुल पोसाकमा स्कुल व्याग अगाडि राखेर पढिरहेका देखिन्छन् । यसले सुन्दर भविष्यको भल्को दिइएको देखिन्छ । शीर्षकको माथिको भागमा किताबको नाम राखिएको छ र दायाँपट्टि सिरानको भागमा ३ राखिएको छ जसले कक्षाको सङ्केत गरेको बुझिन्छ । दायाँपट्टि सिरानको भागमा किताबको नाम 'मेरो नेपाली किताब' राखिएको छ । यसको भित्री पृष्ठमा सेतो रङ्गको सादा खाली कागजको प्रयोग गरिएको छ ।

आवरण पृष्ठको पछाडिको पृष्ठको बाहिरी भागमा कक्षागत रूपमा कक्षा ३ का विद्यार्थीले गाउने कक्षागत गीत समावेश गरिएको छ र पृष्ठको अन्त्यमा, मुद्रक तथा वितरक श्री शिद्धबाबा अफसेट प्रेस पुतलीसडक, काठमाडौं र फोन नम्बर उल्लेख गरिएको छ । त्यसको मुनि मूल्य र त्यसभन्दा तल पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर राखिएको छ । बाँयातर्फ प्रकाशकको नाम र पाठ्क्रम विकास केन्द्रको लोगो राखिएको छ ।

### ३.१.२.२. आकार

आकारका दृष्टिले कक्षा तीनको मेरो नेपाली किताबको लम्बाइ २४ से.सी. र चौडाइ १८ से.मी. रहेको छ । यसमा १०४+४ पृष्ठहरू रहेका छन् ।

### ३.१.२.३. छपाइ

आवरण पृष्ठमा भएका अक्षरहरूलाई आधार मानेर हेर्दा ४८ र २३ प्वाइन्टका अक्षरहरू उपयुक्त छन् । पुस्तक शीर्षक ४८ प्वाइन्टको अक्षरमा र अन्य २०-१६ प्वाइन्ट सम्मका अक्षरहरू प्रयुक्त छन् । पाठ शीर्षकका लागि २० प्वाइन्ट, लेखकका लागि १४ प्वाइन्ट र पाठ्यपुस्तकका लागि १६ प्वाइन्ट अक्षरहरू प्रयुक्त छन् । प्रत्येक पानामा छपाइ गर्दा किनारा अगाडि पछाडि २/२ से.मी. र तल माथि २.५, २.५ से.मी. ठाउँ छोडिएको छ । अक्षरहरू अफसेट प्रेसमा छापिएको छ र हल्का गुलाबी रङ्गको कागजमा कालो र गुलाबी मसीको प्रयोग भएको छ । भित्र सबै कालो मसीको मात्र प्रयोग भएको छ । नयाँ अनुच्छेद परिवर्तनको लागि तल्लो छेउको भागमा ०.७ स.मी. खाली ठाउँ राखिएको छ । त्यस्तै हरेक नयाँ पाठको प्रारम्भको लागि नयाँ पृष्ठ प्रयोग गरिएको छ ।

### ३.१.२.४. कागज

पाठ्यपुस्तक छपाइका लागि प्रयोग गरिएको कागज सेतो रङ्गको छ । आवरण पृष्ठको कागज केही बाक्लो र रङ्गीन हुनुका साथै बालबालिकाको चित्रहरू अङ्कित गरिएको छ ।

### ३.१.२.५. बँधाइ

पाठ्यपुस्तकका पृष्ठहरूलाई स्टेप्लर पिनद्वारा दुई ठाउँमा बाँधिएको छ । आवरण पृष्ठले दुबै बन्धनहरूलाई छोपिएको छ । पाठ्यपुस्तकलाई गम प्रयोग गरी आवरण पृष्ठले बाँधिएको छ ।

### ३.१.२.६ मूल्य

यो पाठ्यपुस्तक नेपाल सरकारद्वारा सार्वजनिक विद्यालयहरूमा अध्ययन गर्ने छात्रछात्राहरूका लागि तयार पारिएकाले यसको मूल्य रू.२५/- राखिएको छ । पुस्तकको आकार तथा यसको लागत अनुमान गर्दा मूल्य न्युन र सुलभ देखिन्छ ।

### ३.२. कक्षा ३ (तीन) को सरल नेपाली शृङ्खलाको अध्ययन

संस्थागत विद्यालयहरूमा पठनपाठनको निम्ति तयार पारिएको कक्षा ३ को सरल नेपाली शृङ्खला, अनिवार्य पाठ्यपुस्तक नभई सन्दर्भ सामग्री हो । यसलाई पनि आन्तरिक वा वाह्य पक्षका आधारमा अध्ययन गरिएको छ ।

### ३.२.१. आन्तरिक वा शैक्षिक पक्षका आधारमा सरल नेपाली शृङ्खलाको अध्ययन

### ३.२.१.१. विषयवस्तु

संस्थागत विद्यालयमा पढाइ हुने कक्षा तीनको सरल नेपाली शृङ्खलामा कविता, कथा, निबन्ध, जीवनी, संवाद, चिठ्ठी गरी जम्मा २२ वटा पाठहरू रहेका छन् । विधागत पाठमा राखिएका विषयवस्तुहरू सामाजिक, सांस्कृतिक, पौराणिक, लोकजीवन र प्रकृतिसँग सम्बन्धित छन् भने अर्को तर्फ वर्णनात्मक, कलात्मक, प्रेरक व्यक्तित्व, साहित्यकार, देशप्रेम सम्बन्धी विषयवस्तुहरू राखिएका छन् । यस पाठ्यपुस्तकमा राखिएका कविता विधाको विषयवस्तु प्राकृतिक, लयबद्ध, राष्ट्रियता र देशप्रेमसँग सम्बन्धित छन् । कथा विधा, लोककथा, पौराणिक र रूसी लोककथाका प्रकृतिका देखिन्छन् । प्रबन्ध विधा विवरणात्मक, वातावरणीय चेतनामुलक, प्राकृतिक र वातावरणीय प्रकृतिका देखिन्छन् । जीवनी विधामा साहित्यकार, वैज्ञानिक र राष्ट्रिय व्यक्तित्वका जीवनीहरू समावेश गरिएका छन् । त्यस्तै निबन्धहरू वर्णनात्मक र चेतनामुलक छन्  भने त्यस्तै चिठी विधामा समान्य घरायसी चिठी समावेश गरिएको छ । संवाद चेतनामुलक प्रकृतिको रहेको छ ।

### २.१.२. विधा र प्रस्तुति

यस सरल नेपाली शृङ्खला ३ मा कथा, कविता, प्रबन्ध, निबन्ध, जीवनी, चिठी र संवाद गरी जम्मा २२ वटा पाठहरू रहेका छन् । यी विधा र विधाअन्तर्गत सम्बन्धित पाठहरू तलको तालिकामा देखाइएको छः

**तालिका नं. २**

| क्र.स. | विधा | विधागत पाठहरू | क्षेत्र | संख्या |
|---|---|---|---|---|
| १. | कथा | १. ठग स्याल | लोककथा | ६ |
| | | २. पितृभक्त राम | पौराणिक कथा | |
| | | ३. तीन सिकारी | रूसी लोककथा | |
| | | ४. आमाबाबुका भक्त गणेशजी | पौराणिक कथा | |
| | | ५. बहादुर राजकुमार | लोककथा | |
| | | ६. वायुपङ्खी घोडा | रुसी लोककथा | |
| २. | कविता | १. ईश्वरको सम्झना | प्राकृतिक | ५ |
| | | २. नटिप्नू हेर कोपिला | लयबद्ध | |
| | | ३. गाउँछ गीत नेपाली | लयबद्ध/राष्ट्रिय | |
| | | ४. इन्द्रेनी दिदी | प्राकृतिक | |
| | | ५. हिउँदका दिन | प्राकृतिक | |
| ३. | प्रबन्ध | १. पशुपतिनाथको मन्दिर | विवरणात्मक | ४ |
| | | २. माघे सङ्क्रान्ति | चेतनामुलक | |
| | | ३. हाम्रा राष्ट्रिय चिन्हहरू | राष्ट्रिय/चेतनामुलक | |
| | | ४. हाम्रो पृथ्वी : हाम्रो देश | प्राकृतिक/वातावरणीय | |
| ४. | निबन्ध | १. मलाई प्रहरी दाइ भन्दछन् | वर्णनात्मक | २ |
| | | २. म किताब हुँ | उपदेशमुलक | |
| ५. | जीवनी | १. गोतमबुद्ध | राष्ट्रिय विभूति | ३ |
| | | २. मोतीराम भट्ट | साहित्यिक व्यक्तित्व | |
| | | ३. राइट दाजुभाइ | वैज्ञानिक | |
| ६. | संवाद | १. घडी र दिन | चेतनामुलक | १ |
| ७. | चिठी | १. साथीलाई चिठी | व्यक्तिगत चिठी | १ |

यस पाठ्यपुस्तकमा राखिएका २२ पाठहरूमध्ये कथा ६, कविता ५, प्रबन्ध ४, निबन्ध २, जीवनी ३, संवाद १, चिठी १ रहेका छन् । कथाहरूमध्ये **ठग स्याल** लोककथा, **पितृभक्त राम** पौराणिक कथा **तीन सिकारी** र **वायुपङ्खी घोडा** रूसी लोककथा, **आमाबाबुका भक्त गणेशजी** पौराणिक कथा रहेका छन् । यसै गरी कविता विधाका पाठहरूमध्ये **ईश्वरको सम्झना** प्राकृतिक, **नटिप्नू हेर कोपिला** लयबद्ध, **गाउँछ गीत नेपाली** राष्ट्रिय/लयबद्ध **इन्द्रेनी दिदी** र **हिउँदका दिन** प्राकृतिक विषयसँग सम्बन्धित छन् । प्रबन्ध विधालाई हेर्ने हो भने **पशुपतिनाथको मन्दिर** विवरणात्मक, **माघे सङ्क्रान्ति** चेतनामुलक, **हाम्रा राष्ट्रिय चिन्हहरू** राष्ट्रिय र चेतनामुलक, **हाम्रो देश : हाम्रो पृथ्वी** प्राकृतिक र वातावरणीय विषयसँग सम्बन्धित छन् । त्यस्तै निबन्ध विधा अन्तर्गत **मलाई प्रहरी दाइ भन्दछन्** वर्णनात्मक, **म किताब हूँ** उपदेशमुलक रहेका छन् । जीवनी विधा अन्तर्गत

**गौतम बुद्ध** राष्ट्रिय, **मोतीराम भट्ट** साहित्यिक, **राइट दाजुभाइ** वैज्ञानिक व्यक्तित्वका जीवनीहरू रहेका छन् । त्यस्तै संवाद चेतनामुलक प्रकृतिको रहेको छ भने चिठी व्यक्तिगत रहेको छ ।

यस पाठ्यपुस्तकमा रहेका २२ विधाहरूमध्ये पाँच वटा पद्य विधाअन्तर्गत रहेका छन् भने बाँकी सत्र वटा पाठ गद्य विधा अन्तर्गत रहेका छन् । यसमा राखिएका पद्य विधाहरूमध्ये **ईश्वरको सम्झना** चार श्लोक, **नटिप्नू हेर कोपिला** चार श्लोक, **गाउँछ गीत नेपाली** चार श्लोक, **इन्द्रेनी दिदी** पाँच श्लोक, हिउँदका दिन चार श्लोकका संरचनामा संरचित छन् ।

विधागत वर्गीकरण तालिकानुसार गद्य विधाअन्तर्गत हेर्ने हो भने लम्बाइका दृष्टिले वाक्यहरू कथा विधामा २-३ शब्ददेखि ९-१० शब्दसम्मका वाक्यहरू रहेका छन् । कथा विधाअन्तर्गत ४० देखि ९८ वाक्यमा संरचित छन् । प्रबन्ध विधाका पाठहरू ९४ वाक्यसम्म, निबन्ध विधा बढीमा ९५ वाक्यमा संरचित छ । त्यस्तै जीवनी विधा बढीमा ७३, संवाद ७५ र चिठी २० वाक्यसम्मको आयाममा संरचित छ ।

विधागत रूपमा हेर्दा **ईश्वरको सम्झना** कविता १६ पङ्क्ति, **नटिप्नू हेर कोपिला** १६ पङ्क्ति, **गाउँछ गीत नेपाली** १८ पङ्क्ति, **इन्द्रेनी दिदी** २४ पङ्क्ति, **हिउँदका दिन** १६ पङ्क्ति गरी जम्मा ९० पङ्क्ति रहेका छन् । त्यस्तै कथा विधा अन्तर्गत **ठग स्याल** **५५** वाक्य, **पितृभक्त राम** ९८ वाक्य, **तीन सिकारी** ४५ वाक्य, **आमाबाबुका भक्त गणेशजी** ६५ वाक्य, **वायुपङ्खी घोडा** ४० वाक्य, **बहादुर राजकुमार** **५९** गरी जम्मा ३७५ वाक्य रहेका छन् । त्यसै गरी प्रबन्ध विधा अन्तर्गत **पशुपतिनाथको मन्दिर** ३१ वाक्य, **माघे सङ्क्रान्ति** ४०, **हाम्रो देश** ९४ वाक्य गरी जम्मा १२० वाक्य रहेका छन् । निबन्ध विधा अन्तर्गत **मलाई प्रहरी दाइ भन्दछन्** **५१** र **म किताब हूँ** ९५ वाक्य गरी जम्मा १४६ वाक्य रहेका छन् । जीवनी विधा अन्तर्गत **गौतम बुद्ध** ७३ वाक्य, **मोतीराम भट्ट** ५० वाक्य र **राइट दाजुभाइ** ४९ गरी १७२ वाक्य रहेका छन् । एउटा पाठ मात्र भएको संवाद **घडी र दिन** ७५ वाक्य र **साथीलाई चिठी** २० वाक्यमा संरचित छ । यसले के देखाउँछ भने पाठहरूमा भएको वाक्यको लम्बाइ क्रम मिलेको देखिन्छ । पाठशीर्षकहरू एक शब्ददेखि लिएर चार शब्द सम्म रहेका छन् ।

### ३.२.१.३. भाषिक संरचना र शैली

पाठ्यपुस्तकमा प्रत्येक विधागत पाठका प्रथम अभ्यासमा विशेष शब्दको अर्थलाई महत्व दिइएको छ । दोस्रो अभ्यासमा पढाइ र लेखाइ सीपको प्रयोग भएको छ । त्यसपछि प्रश्नोत्तर, खाली ठाउँ भर, जोडा मिलाऊ जस्ता अन्य प्रकृतिका अभ्यासहरू राखिएका छन् । लम्बाइका दृष्टिले विधागत पाठहरूको संरचनालाई हेर्दा कथा ६, कविता ५, प्रबन्ध ४, जीवनी ३, निबन्ध २, संवाद १, चिठी १ गरी जम्मा २२ वटा विधाहरू राखिएको छ । जसमध्ये पद्य विधा अन्तर्गत ५ र गद्य विधा अन्तर्गत १७ पाठहरू रहेका छन् । पद्य विधाअन्तर्गतका पाठहरूमा साथीलाई चिठी शीर्षकको

चिठी २० वाक्यमा संरचित छ र अरू पाठहरू बढीमा ९८ वाक्यसम्ममा संरचित रहेका छन् । यसमध्ये कथा विधा अन्तर्गत क्रमशः ५५,९४,४५,६५ र ५९ वाक्यहरू रहेका छन् । त्यस्तै कविता विधाअन्तर्गत क्रमशः १६,१६,१८,२४ र ९४ वाक्य रहेका छन् । प्रबन्ध विधा अन्तर्गत ३१,४०,५५ र ९४ वाक्य रहेका छन् । त्यस्तै निबन्धहरू ५१ र ९५ वाक्यको संरचनामा रहेका छन् । त्यस्तै गरी जीवनीहरू क्रमशः ७३,५०,४९ वाक्य तथन संवाद ७५ वाक्यको रहेका छन् ।

गद्य विधाका पाठहरूमा सरल संयुक्त र मिश्र तीनै प्रकारका वाक्यहरू प्रयोग भएका छन् । पद्य विधाका पाठहरूमा हेर्दा '**आकाशको मुन्तिर**' (पृष्ठ ७६, इन्द्रेनी दिदी) जस्तो दुई शब्दको वाक्यदेखि लिएर **'जय जय जय हे नेपाल सुन्दर शान्त विशाल** (पृष्ठ ५६, गाउँछ गीत नेपाली) जस्तो ८ शब्दको वाक्यसम्मको संरचना पाइन्छ । कविताको संरचना प्राकृतिक र लयबद्ध रहेको छ ।

वाक्यमा शब्द संरचनाका दृष्टिले हेर्दा गद्य विधाका पाठहरूमा **बुझ्यौं गुरूआमा** (पृष्ठ ४१) र **हुन्छ गुरूआमा** ( पृष्ठ ३८) जस्ता दुई शब्दे वाक्यहरू छन् । त्यस्तै **नेपालमा समुद्र छैन** (पृष्ठ १०५), **पृथ्वीले सूर्यलाई घुमिरहेको हुन्छ** (पृष्ठ १०४) जस्ता तीन शब्दे र ४ शब्दे वाक्यहरू रहेका छन् । त्यसै गरी **उनीहरूले विमान उडाएको हेर्न आउनुहोस् भनेर निकै मान्छेलाई बोलाएका थिए तर राइट दाजुभाइले विमान उडाउन सक्लान् भनेर धेरैले पत्याएका थिएनन्** (पृष्ठ ११७ : राइट दाजुभाइ) २० शब्दे वाक्यमा संरचित छ भने **'एक त उनको मोटो जीउ, त्यसमाथि हिँड्दा पनि घिस्रिने लामो सुँड अनि उनकै वाहन मुसो ! गणेशजी अब के गर्ने भनेर बिलखबन्दमा परे'** (पृष्ठ ८१) जस्ता वाक्यहरू २२ शब्दद्वारा निर्मित छन् । यस पाठ्यपुस्तकमा औसत वाक्यहरू १०/१५ शब्दबाट निर्मित छन् । त्यसै गरी चिठी विधाअन्तर्गत व्यक्तिगत चिठी समाविष्ट छ । कविताहरू राष्ट्रिय लयबद्ध र प्राकृतिक विषयमा संरचित छन् । शैलीका दृष्टिले हेर्दा कथाहरू पौराणिक र लोक प्रचलित विषयसँग सम्बन्ध रहेर लेखिएका छन् । **घडी र दिन** संवादात्मक छ भने जीवनीहरू, राष्ट्रिय, साहित्यिक र वैज्ञानिक रहेका छन् । प्रबन्धहरू, विवरणात्मक, चेतनामुलक, प्राकृतिक र वातावरणीय रहेका छन् ।

त्यस्तै निबन्ध विधामा वर्णनात्मक र उपदेशात्मक, चेतनामुलक, प्राकृतिक र वातावरणीय विषयसँग सम्बन्धित रहेका छन् । व्याकरणका लागि  छुट्टै पाठहरूको प्रयोग भएको छैन । नमुना अभ्यासमा व्याकरणात्मक अभ्यास भनेर कुनै कुनै पाठको अभ्यासमा व्याकरण सम्बन्धी छुट्टै अभ्यास राखिएको छ । पाठको अन्त्यमा विशेष शब्दका अर्थहरू राखिएको छ ।

### ३.२.१.४. नमुना अभ्यास

कक्षा तीनको सरल नेपाली शृङ्खलाको हरेक विधागत पाठका अन्त्यमा नमुना अभ्यासहरू राखिएका छन् । प्रत्येक पाठहरूको अन्त्यमा राखिएका नमुना अभ्यासहरू घटीमा ४ र बढीमा ७ वटा सम्म रहेका छन् । समग्रमा यस पुस्तकमा १४३ वटा नमुना अभ्यासहरू राखिएका छन् ।

उक्त अभ्यासहरू विभिन्न प्रकृतिसँग मिल्दाजुल्दा छन् । त्यस्ता किसिमका वर्गीकृत प्रकृतिका अभ्यासहरू निम्न छन् :

| | |
|---|---|
| १. प्रश्नोत्तर | २३ अभ्यासहरू |
| २. ठीक बेठीक छुट्याउने | ३ अभ्यासहरू |
| ३. खाली ठाउँ भर्ने | ३० अभ्यासहरू |
| ४. वाक्य बनाउने | ७ अभ्यासहरू |
| ५. शुद्ध लेख्ने | १० अभ्यासहरू |
| ६. जोडा मिलाउने | २ अभ्यासहरू |
| ७. विशेष शब्दका अर्थ | २२ अभ्यासहरू |
| ८. शब्द निर्माण | ५ अभ्यासहरू |
| ९. लय हाली पढ्ने | ७ अभ्यासहरू |
| १०. चित्र बनाउने | २ अभ्यासहरू |

सरल नेपाली शृङ्खलामा राखिएका अभ्यासहरू विविधतापूर्ण छन् । जस्तैः शब्द निर्माण अभ्यासलाई २ वटा शब्द बाट 'जान्ने र सुन्ने = जान्नेसुन्ने' भए जस्तो तलका शब्दहरू बनाऊ भनी दिइएको छ भने कुनै ठाउँमा 'रोग+ई =रोगी, धन+ई = धनी' भए जस्तो गरी दिइएको छ । त्यस्तै कतै पितृ + भक्ति = पितृभक्ति, गुरू + भक्त = गुरूभक्त भएजस्तो गरी तलका शब्दहरू बनाउन भनी दिइएको छ । खाली ठाउँ भर्ने अभ्यासहरूलाई शब्द जोडेर खाली ठाउँ भर र कतै ठीक शब्दले खाली ठाउँ भर कतै कोष्ठकमा भएका ठीक शब्द छानेर खाली ठाउँ भर भनी दिइएको छ । मेरो नेपालीमा भन्दा सरल नेपाली शृङ्खलामा फरक प्रकृतिका अभ्यासहरू राखिएका छन् । पाठ्यपुस्तकमा जम्मा नमुना अभ्यास १४३ छन् । यस पाठ्यपुस्तकमा भएका नमुना अभ्यासहरू पाठ अनुरूप छन् ।

नमुना अभ्यासबाट कुनै न कुनै भाषिक सीपको विकास गराउने लक्ष्य राखिएको छ । यस तथ्यलाई मध्यनजर राखी विश्लेषण गर्दा भाषिक सीपसँग सम्बन्धित सबैभन्दा बढी अभ्यास जीवनी विधामध्मे **राइट दाजुभाइ** र कविता विधामध्ये **हिउँदका दिन** पाठमा पाइन्छ । जसमा ७/७ वटा अभ्यास राखिएको छ । यस पाठ्यपुस्तकमा सुनाइ, बोलाइ पढाइ सीपलाई भन्दा लेखाइ सीपलाई बढी महत्व दिइएको देखिन्छ । यस पाठ्यपुस्तकमा नमुना अभ्यासबाट अपेक्षित सीप अन्तर्सम्बन्धित भएर आएका पाइन्छन् । ती भाषिक सीपहरू निम्न प्रकार छन्:

| | |
|---|---|
| सुनाइ/बोलाइ | २० |
| पढाइ | ३० |
| लेखाइ | ९३ |

सबै विधालाई समेटेर भाषिक सीपको आधारमा हेर्दा सुनाइ बोलाइतर्फ २० पढाइतर्फ ३० र लेखाइतर्फ ९३ अभ्यासहरू समावेश गरिएको छ । पाठ्यपुस्तकमा सबैभन्दा बढी लेखाइ सीपलाई महत्व दिइएको देखिन्छ । पाठ्यपुस्तकमा एक भन्दा बढी भाषिक सीप हासिल हुने खालका अभ्यासहरू पाइन्छन् तर सबै किसिमका विधागत पाठहरूले सबै भाषिक सीपलाई समेट्न सकेको पाइँदैन ।

### ३.२.२.५. चित्र

चिठी विधा बाहेक यस पाठ्यपुस्तकभित्र रहेका सबै पाठहरूमा गरी जम्मा ४० चित्रहरूको प्रयोग भएको छ । पाठ १, ५, ७, ९, १०, १२, १३, १४, २० र २१ मा १/१ वटा चित्रहरूको प्रयोग भएको छ । पाठ २, ४, ६, ८, ११, १५, १८, १९ र २२ मा २/२ वटा चित्रहरूको प्रयोग भएको छ । पाठ ३ मा ५ वटा र पाठ १० मा ६ वटा चित्रहरूको प्रयोग भएको पाइन्छ । चित्रहरू सबै सादा छन् हुनुका साथै कुनै गाढा र कुनै फिक्का काला छन् ।

### ३.२.१.६. भूमिका निर्देशन

यस पाठ्यसामग्रीमा २ पानाहरू भूमिका खण्डअन्तर्गत राखिएको छ । सुरूको पानामा कुनै कुरा नलेखी सादा राखिएको छ । बाँकी ६ पृष्ठ प्रयोगमा छन् । दोस्रो पानाको प्रथम पृष्ठमा पुस्तकको नाम **सरल नेपाली शृङ्खला** त्यसको तलपट्टि ३ लेखिएको छ । अर्को पृष्ठमा 'पाठ्यक्रम विकास केन्द्रबाट नेपाल अधिराज्यको लागि सन्दर्भ पाठ्यसामग्रीको रूपमा स्वीकृत प्राप्त पुस्तक' भनी उल्लेख गरी तलपट्टि लेखकको नाम र अन्तिममा प्रकाशनको नाम दिइएको छ । दोस्रो पानाको पृष्ठमा बाँयापट्टिको छेउमा सानो अक्षरमा पाठ्यपुस्तकको नाम र भाग ४ लेखिएको छ । सबै भन्दा अन्तिममा मुद्रण गर्नेहरूको नाम र बीचको भागमा प्रकाशनको नाम, लेखकको नाम र सर्वाधिकार प्रकाशनमा सुरक्षित र संस्करण सालहरू दिइएको छ । त्यसैगरी तेस्रो पानाको दोस्रो पृष्ठमा लेखकहरूको मन्तव्यलाई भूमिकाका रूपमा समावेश गरिएको छ । चौथो पानाको दोस्रो पृष्ठमा विषयसूची समावेश गरिएको छ ।

## ३.३. बाह्य वा भौतिक पक्षका आधारमा सरल नेपाली शृङ्खलाको अध्ययन

### ३.३.१.१. आवरण पृष्ठ

आवरण पृष्ठको अघिल्लो भाग सेतो र कालो रङ्गले सरल नेपाली शृङखला ३ लेखिएको छ । लेखिएको ठाउँमा भुइँको भाग फिक्का निलो र अरू भागमा सेतो, हरियो र कालो मसीको प्रयोग भई शान्त सुन्दर, स्वच्छ वातावरण झल्काउने सेतो हिमालको तस्वीर दिइएको छ र तस्वीरको काखमा प्राकृतिक छटा झल्काउने किसिमका हरिया रूखहरू र पहाडको चित्र दिइएको छ । आवरण पृष्ठको वाहिरी भागमा चिल्लो कागज प्रयोग गरिएको छ ।

पछाडिपट्टिको पृष्ठमा हाम्रो नेपाली भाषा र साहित्यका अन्य पाठ्यपुस्तकहरू भनी ठुला अक्षरमा कालो मसीले पृष्ठको सबैभन्दा माथि लेखिएको छ । त्यस भन्दा मुनि मसिना अक्षरमा पाठ्यपुस्तकहरूको नाम, तह, दिइएको छ । दायाँ भागमा आवरण पृष्ठको सानो तस्वीर त्यसभन्दा मुनि मूल्य लेखिएको छ । पृष्ठको बायाँ भागमा **एकता प्रकाशन काठमाडौं**, **नेपाल** र त्यसभन्दा मुनि **सरल नेपाली शृङखला ३** लेखिएको छ । पृष्ठको भुइँ फिक्का नीलो रङ्गको छ । साथै यस पृष्ठको भित्री पृष्ठ सादा र खाली रहेको छ ।

### ३.३.१.२. आकार

आकारका दृष्टिले हेर्दा सरल नेपाली शृङ्खला ३ को लम्बाइ २४ से.मी., चौडाइ १० से.मी र मोटाइ १ से.मी. रहेको छ भने यस पाठ्यसामाग्रीका पृष्ठहरू ११९+६ रहेको देखिन्छ ।

### ३.३.१.३. छपाइ

अवारण पृष्ठमा रहेको पाठ्यसामाग्रीको नामका लागि ४५ प्वाइन्टका अक्षरहरू प्रयुक्त छन् । शीर्षकका लागि ४५ प्वाइन्ट पाठ्यवस्तु तथा लेखकका लागि १८ प्वाइन्टका अक्षरहरू प्रयुक्त छन् । प्रत्येक पानामा किनारा अगाडि १ से.मी. र पछाडि २ से.मी., माथि ३ से.मी. खाली ठाउँ छोडिएको छ । प्रत्येक शीर्षकको तलपट्टि धर्काको प्रयोग गरिएको छ । पहिला पाठका अगाडि र पछाडिपट्टि ४-५ से.मी. ठाउँ छोडिएको छ ।

### ३.३.१.४. कागज

पाठ्यसामग्री छपाइमा प्रयोग भएको कागज सफा र सेतो छ । आवरण पृष्ठको कागज केही बाक्लो र प्लाष्टिकले लेमिनेसन गरिएको नीलो रङ्गको र आकर्षक छ भने भित्री भागको कागज केही पातलो छ ।

### ३.३.१.५. बँधाइ

पाठ्यसामग्रीका पृष्ठहरूलाई स्टेप्लर पिनद्वारा बाँधिएको छ । यसरी बाँधिएको पाठ्यसामग्रीहरूलाई गम प्रयोग गरी आवरण पृष्ठले छोपिएको छ ।

### ३.३.१.६. मूल्य

पाठ्यपुस्तकको मूल्य विद्यार्थीहरूको लागि सबैभन्दा महत्वपूर्ण पक्ष मानिन्छ । सबै दृष्टिकोणबाट उपयूक्त हुने किसिमको मूल्यको निर्धारण गर्नु उपयुक्त हुन्छ । नेपालको भौगोलिक विकटता, अभिभावकको आर्थिक अवस्था, प्रयोग गर्ने विद्यार्थीको संख्या आदिलाई विचार गरेर सबैको क्षमताले भ्याउने खालको मूल्य निर्धारण हुनु राम्रो हुन्छ ।

कक्षा ३ को सरल नेपाली शृङ्खला निजी विद्यालयहरूमा अध्ययन गर्ने छात्रछात्राहरूका लागि तयार पारिएको सन्दर्भ पाठ्यसामग्री हो । यो सामग्री निजी तवरबाट निर्माण गरिएको हुँदा यसको मूल्य रू.५५।- छ ।

### सारांश

मेरो नेपाली किताबमा १८ वटा पाठहरू समावेश गरिएको छ । जसमध्ये कथा ५, कविता ६, प्रबन्ध ४, संवाद २ र जीवनी १ छन् । यी पाठहरूमा राखिएका विषयवस्तु लोक, नैतिक, मनोरञ्जतात्मक, देशभक्ति, प्राकृतिक उपदेशात्मक, वर्णनात्मक, वातावरणीय जानकारीमुलक र प्रेरक छन् । कथा, कविता, प्रबन्ध, संवाद र जीवनी गरी पाँच वटा विधाहरू समावेश गरिएको छ । गद्य विधाका पाठहरूमा सरल वाक्यहरूको बढी प्रयोग र संयुक्त र मिश्र वाक्यहरूको अलि कम प्रयोग भएको देखिन्छ । यस पाठ्यपुस्तकमा राखिने नमुना अभ्यासहरू १६७ वटा रहेका छन् । प्रत्येक पाठमा चित्रहरूको यथोचित प्रयोग भएको छ । अभ्यासमा पनि कतै कतै चित्रहरू प्रयोग भएका छन् ।

सरल नेपाली शृङ्खलामा पनि २२ वटा विधागत पाठहरू समावेश गरिएको छ । जसमध्ये ६ वटा कथा, ५ वटा कविता, ४ वटा प्रबन्ध, २ वटा निबन्ध, ३ वटा जीवनी, १ संवाद र १ चिठी रहेका छन् । यस पाठ्यपुस्तकमा राखिएका पाठहरू पनि पौराणिक, लोक, राष्ट्रप्रेमी, प्राकृतिक, चेतनामुलक, साहित्यिक र वैज्ञानिक विषयवस्तु सँग सम्बन्धित छन् । भाषाशैली पनि तृतीय पुरूष शैलीबाट सुरू भएर तृतीय पुरूष शैलीमा नै अन्त्य भएको पाइन्छ । यस पाठ्यपुस्तकमा १४३ वटा नमुना अभ्यासहरू रहेका छन् । ती नमुना अभ्यासहरू भिन्नभिन्न प्रकृतिका रहेका छन् । यस पाठ्यपुस्तकको अभ्यासमा एउटा मात्र चित्र प्रस्तुत भएको छ । पाठहरूमा भने चित्रहरू प्रशस्त रहेका छन् । नमुना अभ्यासहरू सरल नेपाली शृङ्खलामा भन्दा मेरो नेपाली किताबमा धेरै रहेको पाइन्छ ।

# अध्याय - चार

# पाठ्यक्रम अनुरूपताको दृष्टिले निर्धारित पाठ्यसामग्रीको अध्ययन

नेपाली भाषा राष्ट्रिय भाषा भएकोले विद्यालयीय शिक्षामा यसको महत्वपूर्ण स्थान छ । विद्यालय तहको सुरूको कक्षा देखि अनिवार्य रूपमा पठनपाठन हुने यस विषयलाई प्रभावकारी र व्यवहारिक ढङ्गले शिक्षण गर्न उपयुक्त पाठ्यक्रम एंव पाठ्यसामग्रीको आवश्यकता पर्दछ । प्राथमिक तहको नेपाली विषयको पाठ्यक्रममा विभिन्न उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई सिकाइप्रति उत्प्रेरित गराउन आवश्यक पर्ने ज्ञान, सीप र अभिवृतिगत सिकाइ उपलब्धि शिक्षण क्रियाकलाप र मूल्याङ्कन प्रक्रियालाई विस्तारित रूपमा प्रस्तुत गरिएको छ । प्राथमिक तहमा नेपाली सिकाइको प्रयोजन शब्दार्थ सरल वाक्यको प्रयोग तथा सामान्य भाषिक दक्षता अभिवृद्धि गर्नु हो ।

पाठ्यक्रमको उद्देश्य पूरा गर्नको लागि नभई नहुने कुरा पाठ्यपुस्तक हो । पाठ्यक्रमले निर्देशन गरेका सूत्रात्मक कुराहरूलाई सफल कार्यान्वयन गर्ने मुख्य साधन पाठ्यपुस्तक पाठ्यक्रमको सिङ्गो योजना अनुसार तयार गरिन्छ । यसै सन्दर्भसँग जोडेर पाठ्यक्रम अनुरूपताको दृष्टिले कक्षा ३ को मेरो नेपाली किताब तयार गरिएको छ वा छैन ? भनी यस अध्यायमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

प्राथमिक तह २०६४ को नेपाली पाठ्यक्रमले शिक्षाका तहगत साधारण उद्देश्यलाई निम्नानुसारल राखेको छ :

### ४.१. तहगत रूपमा साधारण उद्देश्य

**क) सुनाइ सीप**

- विभिन्न प्रकारका निर्देशनहरू सुनेर सोही अनुरूप गर्न ।
- कुनै विषयवस्तुको वर्णन छलफल आदि ध्यानपूर्वक सुनेर तिनका अर्थ र आशय बुझी प्रतिक्रिया जनाउन ।
- बालकथा, बालगीत कविता आदि आनन्द लिने गरी सुन्न ।

**ख) बोलाइ सीप**

- शब्दहरू शुद्ध र स्पष्टसँग उच्चारण गरी स्वाभाविक गतिका साथ बोल्न ।
- देखेसुनेका र अनुभव गरेका कुरा सिलसिला मिलाई बताउन ।
- कुराकानी छलफल आदिमा आफ्ना कुरा धक नमानी शिष्ट ढङ्गले राख्न ।

**ग) पढाइ सीप**

- नेपाली भाषामा लेखिएका सरल पाठ्यसामग्रीहरू गति र यति मिलाई स्पष्ट रूपमा पढ्न,

- स-साना सुचना विवरण पढेर आशय बुझ्न,
- सरल बाल साहित्यका रचनाहरू रूचि लिई पढ्न ।
- चित्र तथा पोस्टरको वर्णन गर्न ।

**घ) लेखाइ सीप**

- ठीक दुरीमा बान्की मिलाएर अक्षर लेख्न,
- देखेसुनेका र अनुभव गरेका कुराहरू सिलसिला मिलाएर शुद्धसँग लेख्न ।
- आफ्नो अनुभवका सेरोफेरोका विषयमा छोटो लिखित रचना तयार गर्न ।
- श्रृतिलेखन र वाक्य वर्णन गर्न ।

## ४.२. तहगत रूपमा विशिष्ट उद्देश्य

**क) सुनाइ**

- साधारण निर्देशन सुनेर पालना गर्न,
- सुरका आधारमा उस्तै जस्ता सुनिने वाक्यहरू सुनेर तिनीहरूको फरक अर्थ बताउन,
- विशेष परिवेशमा भएका कुराकानी, छलफल, वर्णन, सुनेर प्रतिक्रिया जनाउन,
- आफ्नो परिवेशमा आयोजना हुने कार्यक्रम सुनेर प्रतिक्रिया दिन,
- विद्युतीय सञ्चार माध्यमबाट प्रसारित बाल उपयोगी कार्यक्रम सुनेर प्रतिक्रिया जनाउन ।

**ख) बोलाइ**

- संयुक्त वर्ण भएका शब्दहरूको शुद्ध उच्चारण गरी स्वभाविक गतिमा बोल्न ।
- शिष्टाचारका शब्द प्रयोग गरी बोल्न ।
- सामान्य विषयमा धक नमानी सोधपुछ, कुराकानी, प्रश्नोत्तर वर्णन र छलफल गर्न ।
- साधारण विषयमा हाउभाउसहित संवाद तथा अभिनय गर्न,
- गति, यति र लय मिलाई गीत कविता वाचन गर्न,
- आफूले जानेका बालकथा, गाउँखाने कथा, चुट्किला भन्न ।

**ग) पढाइ**

- यति, गति र लय मिलाई पढ्न,
- पोस्टर, भित्तेपात्रो हस्तलिखित सामग्री आदि पढ्न,
- चिठीपत्र, समाचार र अन्य विवरण पढ्न,

- बाल साहित्यहरू सस्वर र मौन रूपमा पढ्न ।

**घ) लेखाइ**

- चित्र तथा अन्य सरल विषयवस्तुको लिखित वर्णन गर्न ।
- हिज्जे मिलाएर शब्द लेख्न ।
- वान्की मिलेका वर्णहरू ठीक दुरीमा लेख्न ।
- शुद्ध र सफासँग अनुलेखन लेख्न ।
- निर्देशनका आधारमा तथा स्वतन्त्र रूपमा छोटा रचना गर्न ।
- पूर्णविराम, अल्पविराम, प्रश्नवाचक र उद्धरण चिन्हको प्रयोग गर्न ।

**ङ) कार्यमुलक व्याकरण**

- पदसङ्गति, वचन, लिङ्ग पुरूष र आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न ।
- सामान्य वर्तमान काल, सामान्य भूत काल र सामान्य भविष्यत् काल प्रयोग गरी बोल्न र लेख्न ।

**च) शब्दार्थ**

शब्दभण्डारको वृद्धि गर्न,

**तालिका नं. ३**

**कक्षा तीनको नेपाली पाठ्यक्रम २०६४ द्वारा निर्दिष्ट क्षेत्र र क्रम तालिका :**

| क्षेत्र | कक्षा ३ |
|---|---|
| सुनाइ | निर्देशन |
| | प्रश्नोत्तर, कुराकानी, छलफल |
| | बालगीत, कथा |
| | विद्युतीय सञ्चार साधनका कार्यक्रम आदि |
| बोलाइ | स्वभाविक बोलाइ |
| | शिष्टाचारका शब्द : कुराकानी, शोधपुछ, प्रश्नोत्तर, छलफल वर्णन, संवाद, अभिनय, बालगीत, गाउँखाने कथा, चुट्किला आदि |
| पढाइ | साधारण सूचना, विवरण चिठीपत्र |
| | पोस्टर, भित्रेपात्रो |
| | सरल बाल साहित्य |
| लेखाइ | चित्र र वस्तुको वर्णन |
| | अनुलेखन |
| | हिज्जे |
| | श्रुतिलेखन |
| | निर्देशित रचना |
| | स्वतन्त्र रचना |
| | चिन्हको प्रयोग |
| कार्यमुलक | पदसङ्गति |
| व्याकरण | क्रियाका काल |

## ४.३. कक्षा तीनको नेपाली पाठ्क्रम अनुरूप मेरो नेपाली किताबको अध्ययन

### ४.३.१. उद्देश्य र पाठहरू

सीप विकास गरिने भाषिक अभ्यासहरूबाट नै शब्दभण्डार, प्रश्नोत्तर, मौलिक, लिखित अभिव्यक्ति क्षमता र वाक्य निर्माण, शुद्ध उच्चारण, ठीक बेठीक छुट्ट्याउने र व्याकरणको सही उपयोग गर्ने किसिमका अभ्यासहरू राखिएका हुन्छन् । यस अन्तर्गत कक्षा तीनको नेपाली पाठ्यक्रम अनुरूपको उद्देश्य पूर्ति गर्ने खालका अभ्यास पाठहरू राखिएको छ ।

कक्षा ३ को मेरो नेपाली किताबमा प्रत्येक पाठहरूको अन्त्यमा सुनाइ र पढाइ सीप सम्बन्धी अभ्यासहरू दिइएका छन् । त्यसपछि क्रमशः बोलाई र लेखाइसम्बन्धी अभ्यासहरू दिइएका छन् ।

अभ्यासहरू अन्तर्गत  प्रश्नोत्तर सम्बन्धी अभ्यासहरूले पठनबोध तथा लेखन सम्बन्धी उद्देश्यको आंशिक तह पूरा गरेको देखिन्छ । शुद्ध उच्चारणसम्बन्धी अभ्यासहरूले शुद्ध बोलाइ सीप विकास गराउन खोजेको पाइन्छ । अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने अभ्यासहरूले पाठका शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न सघाउ पुऱ्याउने देखिन्छ । शुद्ध पारी लेख्ने अभ्यासहरूले वाक्य गठन मिलाई सफा स्पष्टसँग लेख्न जोड दिइएको पाइन्छ । पढ र लेख भन्ने अभ्यासहरूले पढाइ र लेखाइ दुबै सीप विकास गर्न सहयोग पुऱ्याएको देखिन्छ ।

### ४.३.१.१ भाषिक सीपका दृष्टिले अध्ययन

#### ४.३.१.१.१ सुनाइ र बोलाइ

प्राथमिक शिक्षा कक्षा तीनको नेपाली पाठ्यक्रमले कक्षागत सिकाइ उपलब्धिअन्तर्गत सुनाइ सीपका तीनवटा र बोलाइ सीपका पनि तीनवटा साधारण उद्देश्यहरू राखेको छ ।

कक्षा तीनको मेरो नेपाली पाठ्यपुस्तकमा शुद्धसँग उच्चारण गर भन्ने अभ्यास पृष्ठ १०, १७, २१, २७, ३२, ३७, ५६, ६१, ६७, ७१, ७७, ८८, ९३ ले शुद्ध उच्चारण गरी स्वाभाविक गतिमा बोल्न सक्ने छन् भन्ने उद्देश्य पूर्ति गर्ने कार्य सम्पादन गरेको देखिन्छ । जानेको एउटा कथा भन ( पृष्ठ १३), किताबका नामहरू लेखेर सुनाऊ (पृष्ठ २३), मन परेको कथा कक्षामा सुनाऊ (पृष्ठ ४९) राष्ट्रिय गान कक्षामा सुनाऊ (पृष्ठ ७९), जस्ता अभ्यासमुलक कार्यले कुनै पनि विषयवस्तुको वर्णन, छलफल आदि ध्यानपूर्वक सुन्न सक्नेछन् भन्ने उद्देश्य पूरा गर्ने लक्ष्य राखेको देखिन्छ ।

#### ४.३.१.१.२ पढाइ

पाठ्यक्रममा पढाइ सीपसम्बन्धी पनि जम्मा तीनवटा तहगत उद्देश्यहरू राखिएका छन् । पाठ्यपुस्तकका पाठहरू १,७,८,१०,१२,१३,१४,१६ मा राखिएका **पढेर सुनाऊ** जस्ता अभ्यासहरूले **शुद्ध र स्पष्ट उच्चारण गरी पढ्न सक्नेछन्** भन्ने उद्देश्यपूर्ति गर्ने देखिन्छ । कविताहरूबाट **कविता कण्ठ पारी सुनाऊ** भन्ने अभ्यासहरूले **सरल पाठ्यसामग्रीहरू गति र यति मिलाई स्पष्ट रूपमा पढ्न सक्ने छन्** भन्ने उद्देश्यपूर्ति गर्ने देखिन्छ । **अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर** (पृष्ठ १३, १९, २३, २८, ३८, ४७, ५७, ६२, ६७, ७२, ८९, ९४) का अभ्यासहरूले **स-साना सूचना विवरण पढेर आशय बुझ्न सक्ने छन्** भन्ने उद्देश्य पूरा गर्ने देखिन्छ ।

### ४.३.१.१.३ लेखाइ

लेखाइ सीपका लागि कक्षा तीनको नेपाली पाठ्यक्रमले तीनवटा तहगत साधारण उद्देश्य राखेको छ । यस पाठ्यपुस्तकमा राखिएका पाठसँग सम्बन्धित प्रश्नोत्तर, शुद्ध गरी लेख, वाक्य बनाऊ खाली ठाउँ भर, वाक्य परिवर्तन गर जस्ता अभ्यासले लेखाइ सीप सम्बन्धी उद्देश्य पूर्ति गर्ने देखिन्छ । सच्याएर कापीमा लेख (पृष्ठ १२, १८, २१, ३७, ५३, ६२, ७७, ८५) जस्तो अभ्यासिक कार्यबाट शुद्ध र सफासँग उत्तर लेख (पृष्ठ ४, ११, १८, २२, २८, ३३, ३८, ४७, ६२, ३८, ७२, ७८, ८४, ८९, ९४, १०२) जस्ता अभ्यासहरूले वान्की मिलाएर अक्षर लेख्न सक्ने छन् भन्ने उद्देश्य पूर्ति गर्ने देखिन्छ । त्यस्तै खाली ठाउँ भर (पृष्ठ ३, १०, २१, २३, २७, ३८, ४६, ५२, ५८, ७९, ८४, १०१) जस्ता अभ्यासहरूले नयाँ शब्द पत्ता लगाउने र खोजी गर्ने बानी बस्ने उद्देश्य पूर्ति गर्ने देखिन्छ ।

### ४.३.१.१.४ शब्दभण्डार

पाठ्यक्रमले पाठमा प्रयुक्त शब्दहरूलाई केन्द्रविन्दु मानी शब्दभण्डार वृद्धि गर्ने उद्देश्य राखेको छ । पाठ्यक्रमले किटान गरेअनुसार शब्दभण्डार वृद्धि गर्न उल्टो अर्थ दिने शब्दको प्रयोग (पृष्ठ ३, २२, र ३९), उस्तै अर्थ दिने शव्दको प्रयोग (पृष्ठ २१), भाले र पोथी जनाउने शब्दहरू (पृष्ठ १०३) राखिएको देखिन्छ । र शब्द अर्थको जोडा मिलाऊ भन्ने अभ्यास १० वटा पाठहरूमा दिइएको छ । पाठबाट शब्द खोजेर खाली ठाउँ भर (पाठ ३, ६, ७, ९, ११, १२, १६ को अभ्यास खण्ड) राखिएको देखिन्छ जसले शब्द भण्डार वृद्धि गर्न सक्ने विशिष्ट उद्देश्य पूरा गर्ने देखिन्छ ।

## ४.३.२. क्षेत्र र क्रमका दृष्टिले अध्ययन

कक्षा तीनको नेपाली पाठ्यक्रमले क्षेत्र तथा क्रम तालिकामा सुनाइ, बोलाइ, पढाइ र कार्यमुलक व्याकरणको मात्र क्षेत्र तोकिदिएको छ । विधागत पाठको क्रम र क्षेत्र तोकिदिएको पाइँदैन । तापनि विधागत पाठहरूको प्रस्तुति कक्षा तीनको मेरो नेपाली किताबमा भएको देखिन्छ । यस पाठ्यपुस्तकमा पाठ्यक्रमको उद्देश्यपूर्ति गर्नका लागि ५ वटा मूल विधाहरू (कथा, कविता, प्रबन्ध, संवाद र जीवनी) भित्र जम्मा १८ वटा पाठहरू समावेश गरिएको पाइन्छ । पाठ्यक्रममा विधागत पाठहरूको क्षेत्र तोकिदिएको छैन । विधागत पाठहरू पनि समावेश गरेको पाइँदैन । पाठ्यपुस्तकमा सुरूमा कविता विधालाई राखिएको छ । त्यसपछि कथा, प्रबन्ध, संवाद र जीवनी राखिएको पाइन्छ । यस पाठ्यपुस्तकमा तीनवटा लोककथा एउटा पौराणिक र एउटा मनोरञ्जनात्मक गरी ५ वटा कथाहरू प्रस्तुत गरिएको छ र कवितामध्ये दुई वटा कथाहरू प्रस्तुत गरिएको छ र कवितामध्ये दुई वटा देशभक्ति, तीन वटा उपदेशात्मक, र एउटा प्राकृतिक गरी ६ वटा कविता रहेका छन् । पाठ्यक्रमले निर्दिष्ट गरे अनुसार कार्यमुलक व्याकरण यस

पाठ्यपुस्तकको पाठमा प्रस्तुत भएको देखिँदैन । अभ्यासमा पनि व्याकरणको प्रयोग भएको देखिँदैन ।

पाठ्यपुस्तकमा विधाहरूको रखाइ क्रम निम्नानुसारको देखिन्छ :

कविता - कथा - प्रबन्ध - कविता - कथा - संवाद - कविता - कथा - प्रबन्ध - कविता - जीवनी - संवाद - कविता - कथा - प्रबन्ध -कविता - कविता - प्रबन्ध - कथा ।

## ४.४. कक्षा तीनको नेपाली पाठ्यक्रम अनुरूप सरल नेपाली शृङ्खलाको अध्ययन

निजी विद्यालयमा पठनपाठन गरिने कक्षा तीनको सरल नेपाली शृङ्खला मूल पाठ्यपुस्तकका रूपमा नभई सन्दर्भ सामग्रीका रूपमा स्वीकृत प्राप्त पाठ्यपुस्तक हो । यहाँ पाठ्यक्रमले राखेको उद्देश्य अनुरूप यो पाठ्यसामग्री तयार भए नभएको बारे अध्ययन गरिएको छ ।

### ४.४.१ उद्देश्य र पाठहरू

सरल नेपाली शृङ्खलामा हरेक विधागत पाठको अन्त्यमा अभ्यासको सुरूमा पढ र बुझ भनी विशेष शब्दका अर्थहरू दिइएको छ । पद्य विधाका अन्त्यमा राखिएका कविता लय हाली पढ भन्ने अभ्यास (पृष्ठ १०, ३६, ५९, ७९, १०२) ले सरल पाठ्य सामग्री गति, यति र लय मिलाई स्पष्ट रूपमा पढ्न सक्ने छन् भन्ने उद्देश्य पूर्ति गर्ने देखिन्छ । प्रश्नोत्तर सबै पाठमा भएकोले यस अभ्यासले पठनबोध क्षमता तथा लेखनसम्बन्धी उद्देश्य पूर्ति गर्ने देखिन्छ । गद्य विधा अन्तर्गत कथा, निबन्ध, तथा चिठी लेख्ने सम्बन्धी अभ्यासहरूले लेखन सीपको विकास गर्ने देखिन्छ । शुद्ध गरी लेख, शद्धसँग उच्चारण गर, जोडा मिलाऊ, ठीक बेठीक छुट्ट्याऊ, प्रश्न चिन्हको प्रयोग गरी प्रश्नार्थक वाक्य बनाऊ, क्रियापद राखी वाक्य बनाई कापीमा लेख, लिङ्ग छुट्ट्याएर खाली ठाउँमा लेख जस्ता अभ्यासहरूले व्याकरणसम्बन्धी उद्देश्य पूर्ति गर्ने देखिन्छ ।

### ४.४.२. भाषिक सीपका दृष्टिले अध्ययन

#### क) सुनाइ/बोलाइ

यस पाठ्यपुस्तकमा राखिएका कविता कण्ठ गरी पढ, भाका हालेर पढ भन्ने अभ्यासहरूले गति, यति मिलाई स्पष्ट रूपमा पढ्न सक्ने छन् भन्ने भाषिक सीपसँग सम्बन्धित उद्देश्य पूर्ति गरेको देखिन्छ । प्रश्नहरूको उत्तर मुखैले भन, तलका कुराहरू पढ र पाठ हेरी ठीक बेठीक छुट्ट्याऊ जस्ता अभ्यासले बाल साहित्यका रचनाहरू रूचि लिई पढ्न सक्ने छन् भन्ने उद्देश्य पूर्ति गर्ने देखिन्छ । पढाइ सीप सम्बन्धी अभ्यासहरू यस पाठ्यपुस्तकमा पर्याप्त मात्रामा राखिएको देखिँदैन ।

#### ख) लेखाइ

पाठ्यक्रमले निर्धारण गरेको लेखाइ सीप सम्बन्धी सीपहरूको विकास गराउन पर्याप्त मात्रामा उपलब्धिमुलक देखिन्छन् । शुद्ध गरी कापीमा सार (पृष्ठ १४, २२, २३, ५०, ६९, १०२, १०९, ११३, ११९) का अभ्यासहरूले शुद्ध र सफासँग लेख्न सक्नेछन् भन्ने सीपको विकास गराएको देखिन्छ । आफूले जानेको कथा, कविता, निबन्ध, लेख, चिठी लेख जस्ता अभ्यासहरूले आफ्नो अनुभवका सेरोफेरोका विषयमा छोटा लिखित रचना तयार गर्न सक्ने छन् भन्ने उद्देश्य पूर्ति गर्ने देखिन्छ । खाली ठाउँ भर, उत्तर लख, ठीक, बेठीक छुट्टयाऊ, विपरित शब्द लेख, जस्ता अभ्यासहरू यस पाठ्यपुस्तकमा पर्याप्त मात्रामा पाइन्छन्  जसबाट पाठ्यक्रमले निर्धारण गरेको लेखाइ सीपसम्बन्धी उद्देश्य परिपूर्ति भएको देखिन्छ ।

**ग) व्याकरण**

यस पाठ्यपुस्तकमा पाठको रूपमा र अभ्यासको रूपमा कतै पनि व्याकरणको प्रयोग भएको छैन । व्याकरण अभ्यास भनेर छुट्टै रूपमा नदिइए पनि ठीक शब्द छानेर खाली ठाउँ भर भन्ने अभ्यासमा पृष्ठ १० मा एकवचन र वहुवचन बुझाउने किसिमका अभ्यास छन् । जस्तै :-

क) फूलहरू बास्ना.........................( छर्छ, छर्छन, छर्छे )

ख) केटी गीत .............................( गाउँछ, गाउँछे, गाउँछन् )

ग) केटीहरू गीत ..........................( गाउँछ, गाउँछन्, गाउँछे )

त्यस्तै एकवचन र वहुवचन बझाउने खाली ठाउँ भर भन्ने अभ्यासहरू पृष्ठ (१५, २२, ५९, ६५, ७०, ८५, ८९, ९९, ११९) मा रहेका छन् । यसमा परिभाषा नदिइए पनि उदाहरणबाट बुझ्न सकिन्छ । त्यस्तै अन्य व्याकरण अभ्यासहरूमध्ये समास र विग्रह (पृष्ठ १५ र ५०) रहेका छन् : जस्तैः-

नाक र मुख = नाकमुख          काठ र पात = काठपात

पितृ + भक्ति = पितृभक्ति          गुरू + भक्त = गरूभक्त

यसमा आदरार्थी बुझाउने खाली ठाउँहरू (पृष्ठ ३६, ४३, ११३) पनि रहेका छन् । ले, लाइ, को, का, की, नो, ना, नी जस्ता विभक्ति प्रयोग गरिएका अभ्यासहरू पनि यस पाठ्यपुस्तकको पृष्ठ ५०, ७९, ९४, र ११३ मा राखिएको छ ।

**घ) शब्दभण्डार**

पाठ्यक्रमले पाठमा राखेका शब्दहरूलाई केन्द्रविन्दु मानी विभिन्न विषय क्षेत्रका शब्दभण्डारको विकास गराउने उद्देश्य राखेको पाइन्छ । यस पाठ्यपुस्तकमा थुप्रै प्रकारका नयाँ शब्दहरू राखेको पाइन्छ । पर्यायवाची, विपरीतार्थक शब्दहरूको पनि प्रयोग गरिएको पाइन्छ ।

### ४.४.३ विधाको क्षेत्र र क्रमका आधारमा अध्ययन

नेपाली पाठ्यक्रमले क्षेत्र तथा क्रम तालिकामा विधागत पाठहरू तोकिदिएको पाइँदैन । सुनाइ, बोलाइ, लेखाइ, पढाइ र कार्यमुलक व्याकरणको क्षेत्र मात्र तोकिदिएको पाइन्छ । यस पाठ्यपुस्तकमा सात वटा मुख्य विधा, कथा, कविता, प्रबन्ध, निबन्ध, जीवनी, संवाद, चिठी, भित्र जम्मा २२ वटा पाठहरू रहेका छन् । यस पाठ्यपुस्तकमा पनि सुरूमा कविता राखिएको छ । पाठ्यपुस्तकमा ६ वटा कथाहरू मध्ये २ वटा पौराणिक र २ वटा लोककथा रहेका छन् । त्यस्तै ५ वटा कविता विधा अन्तर्गत २ वटा लयबद्ध र तीन वटा प्राकृतिक रहेका छन् । चार वटा प्रबन्ध विधा अन्तर्गत एउटा विवरणात्मक, दुई वटा चेतनामुलक र एउटा वर्णनात्मक हुन् भने निबन्ध विधा अन्तर्गत वर्णनात्मक र उपदेशमुलक छन् । त्यस्तै जीवनी विधा अन्तर्गत क्रमशः राष्ट्रिय व्यक्तित्व, साहित्यिक व्यक्तित्व र वैज्ञानिक व्यक्तित्वका जीवनी रहेका छन् । यसै गरी एउटा - एउटा विधा भएका संवाद चेतनामुलक र चिठी व्यक्तिगत प्रकृतिका रहेका छन् ।

विधागत पाठहरूको रखाइक्रम यस पाठ्कक्रममा कविता, निबन्ध, जीवनी, कथा, प्रबन्ध, कविता, संवाद, निबन्ध र प्रबन्ध विधाको रूपमा देखिन्छ । क्रम तालिका तथा क्षेत्र पाठ्यक्रममा नभए पनि विद्यार्थीहरका रूचिका दृष्टिले उपयुक्त नै मान्न सकिन्छ ।

# अध्याय - पाँच

# निर्धारित पाठ्यपुस्तकहरूको तुलनात्मक अध्ययन

## ५.१ विषय प्रवेश

कनै पनि वस्तुको तुलनात्मक अध्ययन एउटा कठिन कार्य हो । त्यसमा पनि एउटै आधार बनेका सामग्रीको पाठ्यक्रम आफैँमा भाषा शिक्षणको सिद्धान्तहरूका आधारमा तयार पारिएको हुन्छ । जस अनुसार कक्षा तीनको नेपाली पुस्तक तयार भएको छ वा छैन र बालबालिकाको स्तर मिल्दो छ छैन भन्ने बारे अध्ययन गर्नु महत्वपूर्ण विषय हो ।

यस अध्ययनमा एउटै प्रयोजनका लागि तयार गरिएका पाठ्यपुस्तकहरूलाई पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य, विषयवस्तु, विधा तथा प्रस्तुति भाषिक संरचना शैली र नमुना अभ्यासका दृष्टिले तुलना गर्दै तिनमा के-कस्तो समानता र भिन्नता छ भनी हेर्ने प्रयास गरिएको छ ।

## ५.२ निर्धारित दुई पाठ्यपुस्तकमा प्रस्तुत आन्तरिक वा शैक्षिक पक्ष

### ५.२.१ निर्धारित दुई पाठ्यपुस्तकमा प्रस्तुत विषयवस्तु

विद्यार्थीहरूले शिषण सिकाइ क्रियाकलापमा सहभागी भएर हासिल गर्ने ज्ञान र सीपको स्रोत भनेकै विषयवस्तु हो । पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु विभिन्न किसिमका स्रोतबाट लिइनु पर्दछ । यसै किसिमका विभिन्न स्रोतबाट पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुहरू विद्यार्थीको रूचि, क्षमता, स्तर अनुकूल र अनुभव भित्रका हुनुपर्दछ । सिर्जनशील भावना जगाउन उत्प्रेरित गर्ने, प्राकृतिक र वातावरणीय, सामाजिक तथा कलात्मक पक्षलाई समेट्ने, राष्ट्र र राष्ट्रियता, धर्म तथा संस्कृतिको ज्ञान, प्राकृतिक सौन्दर्यको पहिचान, मनोरञ्जनात्मक, वर्णनात्मक शैलीको विकास, मेलामिलाप जस्ता कुराहरूको ज्ञान दिन खोजेको पाइन्छ ।

यी दुई पाठ्यपुस्तकहरूमा राखिएका विषयवस्तुहरूको क्षेत्रलाई तलको तालिकामा देखाउन सकिन्छ :

**तालिका नं. ४**

**पाठ्यपुस्तकमा प्रस्तुत विधागत पाठहरू**

| क्र. स. | पाठ्यपुस्तक | कविता | कथा | जीवनी | चिठी | प्रबन्ध | निबन्ध | संवाद |
|---|---|---|---|---|---|---|---|---|
| १. | मेरो नेपाली | देशभक्ति उपदेशात्मक प्राकृतिक | नैतिक लोक मनोरञ्जनात्मक | प्रेरणा मुलक | | वर्णनात्मक चेतनामुलक वातावरणीय | | जानकारीमुलक मनोरञ्जनात्मक |
| २. | सरल नेपाली शृङ्खला | प्राकृतिक राष्ट्रिय लयबद्ध | लोक पौराणिक | राष्ट्रिय साहित्यिक वैज्ञानिक | व्यक्तिगत | विवरणात्मक चेतनामुलक वातावरणीय प्राकृतिक | वर्णनात्मक उपदेशात्मक | चेतनामुलक |

यी पाठ्यपुस्तकहरूमध्ये मेरो नेपाली किताबमा कथा, कविता, प्रबन्ध, जीवनी, र संवाद गरी पाँचवटा विधाहरूमा १८ वटा पाठ समावेश गरिएको छ । सरल नेपाली शृङ्खलामा कविता, कथा, प्रबन्ध, निबन्ध, जीवनी, संवाद र चिठी गरी ७ वटा विधाहरू समावेश गरिएको छ । यी दुबै पाठ्यपुस्तकमा राखिएका विधागत पाठका क्षेत्रमा केही समानता देखिन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेको कार्यमुलक व्याकरणको क्षेत्रलाई समेट्ने रूपमा दुबै पाठ्यपुस्तकहरू देखिएका छैनन् ।

### ५.२.२ निर्धारित दुई पाठ्यपुस्तकमा प्रयुक्त विधा तथा प्रस्तुति

भाषा पाठ्यपुस्तकमा राखिएका विधाहरूको आ-आफ्नो प्रयोजन हुन्छ । कुनै एउटा विधामा राख्न सकिने विषयवस्तु  अर्को विधामा राख्नु लापर्वाही हुनु हो । एउटा विधाले समेट्न सक्ने विषयवस्तु अर्को विधाले समेट्न सक्दैन । भाषिक सीप विकासका दृष्टिले विधागत विविधतामा ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

प्राथमिक तहका कक्षाहरूमा सिकाइको पूर्व क्षमता, आवश्यकता र रूचि अनुरूप विषयवस्तु चयन गर्नु उपयुक्त हुन्छ । शिक्षणका लागि तयार गरिएका पाठ्यपुस्तकहरू विद्यार्थीको रूचि, तह, मानसिक, दक्षता, अनुरूप छन् भने तिनीहरूले विभिन्न कुरा सिक्न र भाषिक अपेक्षा पनि पूरा गर्न सक्छन् । विधागत पाठहरूको लम्बाइ, वाक्य गठन, सरल जटिलको क्रम, शीर्षक जस्ता शब्दहरू प्रस्तुतिका दृष्टिले महत्वपूर्ण मानिन्छन् ।

कक्षा तीनको **मेरो नेपाली किताब**मा कथा, कविता, प्रबन्ध, संवाद र जीवनी गरी जम्मा ५ वटा विधामा १८ वटा पाठहरू राखिएका छन् । **सरल नेपाली शृङ्खला**मा कविता, कथा, निबन्ध, जीवनी, संवाद र चिठी गरी ७ वटा विधामा २२ वटा पाठहरू प्रस्तुत गरिएका छन् । यसरी हेर्दा **मेरो नेपाली**मा भन्दा **सरल नेपाली**मा ४ वटा पाठ बढी भएको देखिन्छ ।

उपर्युक्त दुई वटा पाठ्यपुस्तक अनुसार प्रबन्ध विधामा समानता पाइन्छ । दुबै पाठ्यपुस्तकमा चार चार वटा प्रबन्ध राखिएका छन् जसमा वर्णनात्मक, विवरणात्मक, चेतनामुलक र प्राकृतिक प्रकृतिका रहेका छन् । क्षेत्रका हिसाबले कथा विधाका क्षेत्रमा असमानता देखिन्छ किनभने मेरो नेपालीमा ५ वटा र सरल नेपाली शृङ्खलामा ६ वटा कथा रहेका छन् । दुई वटै पाठ्यपुस्तकमा कविता लयबद्ध , प्राकृतिक र देशभक्तिपूर्ण भए पनि मेरो नेपाली किताबमा ६ वटा र सरल नेपाली शृङ्खलामा ५ वटा निबन्धहरू समावेश गरिएका छन् जसमा क्रमशः वर्णनात्मक र उपदेशमुलक रहेका छन् । जीवनी विधाअन्तर्गत मेरो नेपाली किताबमा एउटा पाठ मात्र समावेश गरिएको छ जुन प्रेरणामुलक रहेको छ । सरल नेपाली शृङ्खलामा तीनवटा जीवनी प्रस्तुत गरिएको छ जुन जीवनीहरू क्रमशः राष्ट्रिय, साहित्यिक र वैज्ञानिक किसिमका रहेका छन् । मेरो नेपाली किताबमा दुई वटा संवाद क्रमशः जानकारीमुलक र मनोरञ्जनात्मक छन् भने सरल नेपाली शृङ्खलामा **साथीलाई चिठी** शीर्षकमा एउटा व्यक्तिगत चिठी समावेश गरिएको छ ।

विधाहरूको रखाइ क्रम हेर्दा दुई वटा पाठ्यपुस्तकमा सुरूमा कविता राखिएको पाइन्छ । दास्रो पाठमा मेरो नेपाली किताबमा कथा राखेको पाइन्छ भने सरल नेपाली शृङ्खलामा निबन्ध राखिएको पाइन्छ । तेस्रो पाठमा मेरो नेपाली किताबमा प्रबन्ध राखिएको पाइन्छ भने सरल नेपाली शृङ्खलामा जीवनी राखिएको पाइन्छ । चौथो पाठमा मेरो नेपाली किताबमा कविता राखिएको छ भने सरल नेपाली शृङ्खलामा कथा राखिएको छ । यसरी यी दुवै पाठ्यपुस्तकमा रखाइ क्रमका दृष्टिले विधागत विवरण समान किसिमको देखिँदैन । विधागत पाठहरूको विषयवस्तुको प्रस्तुति हुने मानिन्छ । सरल नेपालीमा समाविष्ट पाठहरू तुलनात्मक रूपमा स्तरीय हुनाका साथै रूचिपूर्ण पनि देखिन्छन् । पाठ्यक्रमले निर्दिष्ट गरेका व्याकरणको क्षेत्र दुबै पाठ्यपुस्तकले समेट्न सकेको देखिँदैन । कक्षा तीनको मेरो नेपाली किताब पाठ्यक्रम विकास केन्द्रद्वारा तयार पारिएको र देशभरका सरकारी विद्यालयहरूका अनिवार्य रूपमा पठनपाठन हुने पुस्तक भएकोले सरलतातर्फ सचेत हुनु जरूरी छ भने सरल नेपाली शृङ्खला संस्थागत विद्यालयका लागि आन्तरिक पाठ्यसामग्रीका रूपमा तयार पारिएको पुस्तक भएकाले स्तरीय र रूचिपूर्ण हुनु आवश्यक देखिन्छ ।

### ५.२.३ निर्धारित दुई पाठ्यपुस्तकमा प्रस्तुत नमुना अध्यास

पाठ्यपुस्तकमा विधागत पाठहरूको अन्त्यमा राखिएका नमुना अभ्यासहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ सबैको सन्तुलित विकास हुने गरी राखिन पर्छ । अभ्यासहरू पनि हुनु जरूरी छ । पाठ्यपुस्तकमा राखिएका अभ्यासहरूले शिक्षकलाई अन्य अभ्यासहरू थप गरी अभ्यास गराउन मद्दत गर्न सक्नुपर्दछ । सीप विकासको लागि पाठ्यपुस्तकमा अभ्यासहरू पर्याप्त नहुने हुनाले तिनलाई नमुना अभ्यास मात्र मानिन्छ । त्यसैले यस्ता अभ्यासहरू समन्वयात्मक र प्रभावकारी हुनु आवश्यक मानिन्छ । यसै आधारमा यी दुई पाठ्यपुस्तकहरूमा प्रस्तुत नमुना अभ्यासहरूको तुलना गर्ने जमर्को यसमा गरिएको छ । मेरो नेपाली किताबको हरेकक विधागत पाठको अन्त्यमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीप सम्बन्धी अभ्यासहरू राखिएको छ र त्यसपछि अन्य अभ्यासहरू राखिएको पाइन्छ र त्यसपछि मात्र अन्य प्रकृतिका अभ्यासहरू राखिएका छन् । मेरो नेपाली किताबमा शब्दका अर्थ नदिई अन्य प्रकृतिका अभ्यासहरू राखिएका छन् भने सरल नेपाली शृङ्खलामा प्रत्येक पाठको अन्त्यमा विशेष शब्दका अर्थ दिई त्यसपछि मात्र अन्य प्रकृतिका अभ्यासहरू राखिएको पाइन्छ ।

यहाँ दुई वटा पाठ्यपुस्तकमा राखिएका अभ्यास, तिनको प्रकृति र संख्यालाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. ५**

| क.सं. | अभ्यासको प्रकृति | मेरो नेपाली | अभ्यासको प्रकृति | सरल नेपाली शृङ्खला |
|---|---|---|---|---|
| १. | उच्चारण गर्ने | १५ अभ्यासहरू | ठीक बेठीक छुट्ट्याउने | ३ अभ्यासहरू |
| २. | शुद्ध लेख्ने | ७ ” | शुद्ध लेख्ने | १० ” |
| ३. | खाली ठाउँ भर्ने | १८ ” | खाली ठाउँ भर्ने | ३० ” |
| ४. | वाक्य निर्माण गर्ने | १३ ” | वाक्य बनाउने | ७ ” |
| ५. | जोडा मिलाउने | १० ” | जोडा मिलाउने | २ ” |
| ६. | ठीक बेठीक छुट्याउने | ३ ” | शब्द निर्माण | ५ ” |
| ७. | प्रश्नोत्तर | २२ ” | प्रश्नोत्तर | २३ ” |
| ८. | पठनबोध | १३ ” | लय हाली पढ्ने | ७ ” |
| ९. | अन्य पाठसम्बन्धी अभ्यासहरू | ६६ ” | विशेष शब्दको अर्थ | २२ ” |
| १०. | | | चित्र बनाउने | २ ” |
| | जम्मा | १६७ अभ्यासहरू | जम्मा | १४३ अभ्यासहरू |

उपर्युक्त तालिकाअनुसार सरल नेपाली शृङ्खलामा भन्दा मेरो नेपालीमा अभ्यासहरूको संख्या बढी राखिएको देखिन्छ । लय हाली पढ्ने, चित्र बनाउने, शब्द निर्माण गर्ने र विशेष शब्दका अर्थ मेरो नेपालीमा दिइएको पाइँदैन । सरल नेपाली शृङ्खलामा अभ्यास कम छ तर मेरो नेपालीमा प्रस्तुत नभएका अभ्यासहरू पनि सरल नेपाली शृङ्खलामा राखिएको पाइन्छ । अभ्यासको दृष्टि पनि यी दुई पाठ्यपुस्तक समान देखिँदैनन् । मेरो नेपाली किताबमा सुनाइ र बोलाइ सीपसम्बन्धी २५, पढाइ सीपसम्बन्धी २० र लेखाइ सीपसम्बन्धी १२२ अभ्यासहरू राखिएको पाइन्छ । त्यसै गरी सरल नेपाली शृङ्खलामा सुनाइ, बोलाइ सम्बन्धी २०, पढाइ सम्बन्धी ३० र लेखाइ सम्बन्धी ९३ अभ्यासहरू राखिएको पाइन्छ । यसरी अभ्यासको दृष्टिकोणबाट हेर्दा सरल नेपाली शृङ्खला भन्दा मेरो नेपाली प्रभावकारी देखिन्छ तर व्याकरण सम्बन्धी प्रशस्त अभ्यास दुवै पाठ्यपुस्तकमा नदेखिए पनि मेरो नेपालीमा भन्दा सरल नेपाली शृङ्खलामा केही बढी अभ्यासहरू समावेश गरिएको पाइन्छ ।

विभिन्न प्रकृतिका अभ्यासहरू शब्दार्थसहित मेरो नेपाली किताबमा जम्मा १६७ वटा रहेका छन् भने सरल नेपाली शृङ्खलामा विशेष शब्दका अर्थ सहित १४३ अभ्यासहरू राखिएको छ । यी दबै पाठ्य सामग्रीमा सुनाइ, बोलाइ र पढाइलाई भन्दा लेखाइ सीपलाई बढी जोड दिइएको छ ।

### ५.२.४ चित्रहरू

दुवै पाठ्यसामग्रीमा चित्रहरूको प्रयोग गरिएको छ । चित्रहरू दुवैमा विषयवस्तु अनुरूप देखिन्छन । मेरो नेपाली किताब पर्याप्त चित्रहरू प्रयोग गरिए तापनि ती आकृति हेर्दा अलि साना र विद्यार्थीको मन तान्न सक्ने देखिन्नन् । यसमा प्रयोग गरिएका चित्रहरू सबै सादा छन् । सरल नेपाली शृङ्खलामा पर्याप्त चित्रहरू प्रयोग गरिएका छन् र हेर्दा पनि अलि ठूला र आकर्षक देखिन्छन् । मेरो नेपाली किताबमा १८ वटै पाठहरूमा जम्मा ५० वटा चित्र राखिएको छ भने सरल नेपालीमा ४० वटा मात्रै राखिएको छ । जति मात्रामा चित्रहरूको प्रयोग हुनु पर्ने हो त्यति मात्रामा दुबै पाठ्यपुस्तकमा चित्रको प्रयोग नभए पनि सरल नेपाली शृङ्खलामा भन्दा मेरो नेपालीमा चित्रहरूको संख्या बढी रहेको देखिन्छ ।

### ५.२.५ भूमिका, निर्देशन

पाठ्यपुस्तकमा परिचय तथा प्रयोग सम्बन्धी केही जानकारीहरू राखिनु पर्छ । यी दुबै पाठ्यसामग्रीमा ती जानकारीहरू राखिएका छन् । मेरो नेपाली किताबमा ४ पृष्ठहरू भूमिका खण्डअन्तर्गत राखिएका छन् भने सरल नेपालीको पहिलो पृष्ठमा किताबको नाम, कक्षा र पाठ्यक्रम विकास केन्द्र मात्रै राखिएको छ भने सरल नेपाली शृङखलामा किताबको नाम, कक्षा, नेपाल सरकारद्वारा स्वीकृत प्राप्त लोगो, लेखकको नाम र योग्यता र किताब प्रकाशन गर्ने संस्थाको नामसहित उल्लेख गरिएको छ । मेरो नेपालीको दोस्रो पृष्ठमा

प्रकाशक, संस्करण, सर्वाधिकार, प्रकाशक र पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर, पहिलो र दोस्रो संस्करण, पुनः मुद्रण, मूल्य र वितरकको उल्लेख गरिएको छ भने सरल नेपालीमा प्रकाशक, लेखकको नाम पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौ संस्करणका मितिहरू, पुनःमुद्रण र मुद्रणको उल्लेख गरिएको छ । तेस्रो पृष्ठमा मेरो नेपाली किताबमा हाम्रो भनाइ राखिएको छ यसमा पुस्तकका सम्बन्धमा जानकारी तथा निर्देशनहरू राख्दै सुझावको अपेक्षा गरिएको छ । सरल नेपालीको तेस्रो र चौथो पृष्ठमा भूमिका राखिएको छ यसमा पनि पुस्तकका बारेमा जानकारी र निर्देशनहरू राख्दै सुझावको अपेक्षा गरिएको छ । पाँचौ पृष्ठमा दोस्रो र चौथो संस्करणमा लेखकहरूद्वारा आएका सल्लाह र सुझावहरू राखिएको छ । मेरो नेपालीको चौथो पृष्ठमा विषय सूची राखिएको छ र सरल नेपालीको छैठौं पृष्ठमा विषय सूची राखिएको छ । मेरो नेपाली किताबमा विधा सङ्केत राखिएको छैन तर सरल नेपाली शृङ्खलामा विधा सङ्केत पनि राखिएको छ । विषय सूचीमा विधा सङ्केत गर्नु शिक्षक र विद्यार्थी दुबैका लागि राम्रो मानिन्छ ।

### ५.२.६ अन्तिम पृष्ठहरू

पाठ्यपुस्तकका अनुसूचिहरू वा परिशिष्टहरू यस खण्डमा राखिएका हुन्छन् । प्रयोग भएका शब्दावलीहरू वा यस्तै थप जानकारीहरू राखिनु अन्तिम पृष्ठको शोभा हो । यस्ता पृष्ठहरू दुबैमा राखिएका छैनन् । मेरो नेपालीको अन्तिम पृष्ठमा पाठ्यक्रम विकास केन्द्रको लोगो, कक्षा तीनको कक्षागत गीत, प्रकाशक, मुद्रक तथा वितरक र मूल्य राखिएको छ । सरल नेपाली शृङ्खलाको अन्तिम पृष्ठमा हाम्रो नेपाली भाषा र साहित्यका अन्य पाठ्यपुस्तकहरूको नाम, प्रकाशन, मूल्य राखिएको छ ।

## ५.३ निर्धारित दुई पाठ्यपुस्तकमा प्रस्तुत बाह्य वा भौतिक पक्ष

### ५.३.१ आवरण पृष्ठ

पाठ्यक्रमको आवरण पृष्ठ बालकहरूको स्तर अनुसार आकर्षक तथा बलियो हुनु आवश्यक पर्छ । यस आधारबाट हेर्दा मेरो नेपाली किताबको आवरण पृष्ठ पछाडिको सामान्य कलात्मक र साधारण रङ्गीन देखिन्छ । पछाडिको पृष्ठमा कक्षागत गीत राखिएको छ । अगाडिको पृष्ठमा बालबालिकाले आफ्नो स्कुल व्याग अगाडि राखेर पढिरहेको दृश्य देखिएको आवरण पृष्ठ कलात्मक, विविधतायुक्त रङ्गीन र आकर्षक देखिन्छ । सेतो टल्कने हिमाल, अग्ला पहाडहरू, हरिया रूखविरूवाहरू अगाडिको पृष्ठमा देखिन्छ । पछाडिको पृष्ठमा पनि कलात्मक फिका निलो रङ्गको प्रयोग गरिएको छ । आकर्षक र विविधतायुक्त रङ्गीन आवरण भएकोले मेरो नेपाली किताबभन्दा सरल नेपाली शृङ्खला बालबालिकाहरूको लागि आकर्षक देखिन्छ । मेरो नेपाली किताबको आवरण केही मोटो भए पनि कम सुरक्षित देखिन्छ भने यसको तुलनामा सरल नेपाली शृङ्खला बढी टिकाउ हुने खालको देखिन्छ ।

### ५.३.२ आकार

आकार दृष्टिबाट हेर्दा मेरो नेपाली किताब केही मोटो तर लम्बाइ र चौडाइका दृष्टिले कम छ तर सरल नेपाली शृङ्खला हेर्दा र देख्दा पातलो भए पनि लम्बाइ र चौडाइ बढी भएको छ । सरल नेपाली शृङ्खला हेर्दा आकर्षक र पल्टाएर चिल्ला कागजको प्रयोगले बढी आकर्षक र टिकाउ भए पनि झोलामा राखेर बोक्न मेरो नेपाली किताब उपयुक्त देखिन्छ ।

### ५.३.३ कागज

मेरो नेपाली किताबमा प्रयोग भएको कागज पातलो र हल्का पहेँलो रङ्गको छ । आवरणमा प्रयोग भएको कागज केही मोटो भए तापनि त्यति टिकाउ देखिँदैन । सरल नेपाली शृङ्खलामा प्रयोग भएको कागज बाक्लो, चिल्लो र सेतो रङ्गको छ । आवरणमा प्रयोग भएको कागज मोटो र चिल्लो छ । कागजका दृष्टिले मेरो नेपाली किताब भन्दा सरल नेपाली शृङ्खला बढी आकर्षक टिकाउ र उपयुक्त देखिन्छ ।

### ५.३.४ बँधाइ र सिलाइ

पाठ्यपुस्तकको बँधाइ स्टेप्लरले भन्दा धागोले सिलाएको राम्रो र टिकाउ हुने देखिन्छ तर यहाँ दुबै पाठ्यपुस्तकमा धागो प्रयोग नगरी स्टेप्लरको प्रयोग गरिएको छ । स्टेप्लरलाई आवरणले छोपिएको छ र बँधाइका दृष्टिले दुबै उस्तै-उस्तै खालका देखिन्छन् ।

### ५.३.५ छपाइ

भाषा पाठ्यपुस्तकको छपाइ सफा र स्पष्ट हुनुपर्छ । मसीको वितरण सन्तुलित र एकैनास हुनुका साथै शब्द र शब्दका बीच दुरी मिलेको हुनुपर्छ । यसका आधारमा हेर्दा मेरो नेपाली किताबको छपाइ सफा र त्यति गल्ति नभएको पाइन्छ । मसीको वितरण भने समान ढङ्गले भएको पाइँदैन एउटै कालो मसीको मात्र बढी प्रयोग भएको देखिन्छ । सरल नेपाली शृङ्खलामा मसीको वितरण राम्रोसँग नभएकाले मेरो नेपाली भन्दा सरल नेपाली शृङ्खला बढी उपयुक्त देखिन्छ ।

### ५.३.६ मूल्य

भाषा पाठ्यपुस्तक सर्वसाधारणले पनि प्रयोग गर्न सक्ने गरी कम मूल्य निर्धारण गर्नु उपयुक्त हुन्छ । मेरो नेपाली किताबको प्रकाशन सरकारी स्तरबाट गरिएको हुनाले निःशुल्क वितरण गरिन्छ तथापि विक्रिको लागि यसको मूल्य २५ रूपैयाँ राखिएको छ । सरल नेपाली शृङ्खला निजी क्षेत्रबाट प्रकाशन गरिएको हुनाले भएर पनि होला यसको मूल्य सर्वसाधारणको पहुँच भन्दा अलि टाढा देखिन्छ । यसको मूल्य ५५ रूपैयाँ तोकिएको छ । यी दुईमा तुलना गर्दा मेरो नेपाली किताबको मूल्य भन्दा दोब्बर भन्दा बढी महङ्गो देखिन्छ । सर्वसाधारण जनताको लागि अलि महङ्गो देखिन्छ ।

# अध्याय - ६

# निष्कर्ष र सुझावहरू

## ६.१ विषय प्रवेश :

कक्षा तीनको **मेरो नेपाली किताब** नेपाली भाषा पाठ्यक्रमका आधारमा पाठ्यक्रम विकास केन्द्रद्वारा निर्माण गरी देशभरका सरकारी विद्यालयहरूमा पठनपाठनको लागि लागु गरिएको छ । त्यस्तै सोही पाठ्यक्रमका आधारमा निर्मित सरल नेपाली शृङ्खला संस्थागत विद्यालयहरूमा पाठ्यपुस्तक सरह प्रयोग भइरहेको छ । यही सन्दर्भमा यी पाठ्यपुस्तकहरूमा कस्ता सबल तथा दुर्वल पक्षहरू रहेका छन् र तुलनात्मक रूपमा कुन चाहिँ उत्कृष्ट छ भनेर यस शोधकार्यमा अध्ययन गरिएको छ ।

अध्ययन अनुसन्धानका क्रममा पाठ्यपुस्तकको कुनै एक पक्षको मात्र अध्ययन विश्लेषण तथा तुलना नगरी सबै पक्षहरूको अध्ययन विश्लेषण र तुलना गरिएको छ । नेपाली भाषा पाठ्यपुस्तकहरूमा प्रयुक्त शब्द भण्डारको अध्ययन, लेख्य चिन्हको प्रयोग, निश्चित कक्षा पूरा गरेका विद्यार्थीहरूमा शब्द भण्डार क्षमताको अध्ययन जस्ता अध्ययन गरिएको पाइँदैन । त्यसैले यस अध्ययनले कोही नयाँ अध्ययनको लागि थप मार्ग निर्देशन गर्ने कुरामा विश्वास लिन सकिन्छ । यसै क्रममा प्रस्तुत तुलनात्मक अध्ययनबाट प्राप्त निष्कर्ष र केही सुझावहरू प्रस्तुत गरिएको छ ।

## ६.२ निष्कर्ष :

विविध कोणबाट कक्षा तीनको **मेरो नेपाली किताब** र **सरल नेपाली शृङ्खला** को अध्ययन विश्लेषणबाट निम्न निष्कर्षहरू निकालिएको छ :

१. मेरो नेपाली किताबमा १८ वटा पाठहरू समावेश गरिएको छ भने सरल नेपाली शृङ्खलामा २२ पाठहरू समावेश गरिएको छ । तुलनात्मक रूपमा सरल नेपाली शृङ्खलामा प्रस्तुत भएका पाठहरू स्तरीय देखिन्छन् ।

२. मेरो नेपाली किताबमा २-१७ शब्द सम्मका र सरल नेपाली शृङ्खलामा २-२२ शब्द सम्मका वाक्य निर्माण भएका देखिन्छन् ।

३. दुवै पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेको कार्यमुलक व्याकरणको क्षेत्रलाई समेटेको नभए पनि सरल नेपाली शृङ्खलामा केही मात्रामा व्याकरणात्मक अध्यासहरू समावेश गरिएको पाइन्छ ।

४. दुईवटै पाठ्यपुस्तकमा रचनात्मक, लेखनसम्बन्धी अभ्यासहरू समावेश गरिएको पाइन्छ तर सरल नेपाली शृङ्खलामा सुनाइ, बोलाइसम्बन्धी सीपलाई ध्यान दिइएको पाइँदैन । लेखाइ सीपलाई अत्यधिक प्रयोग दुई वटै पाठ्यपुस्तकमा पाइन्छ ।

५. भाषिक प्रस्तुति वा शैलीका दृष्टिले सरल नेपाली शृङ्खलाभन्दा मेरो नेपालीमा समावेश गरिएका पाठहरू सरल देखिन्छन् ।

६. दुई पुस्तकमा समावेश गरिएका विभिन्न प्रकृतिका अभ्यासहरू मेरो नेपाली किताबमा १६७ सरल नेपाली शृङ्खलामा १४३ अभ्यासहरू प्रस्तुत गरिएको पाइन्छ । शब्दको अर्थ सरल नेपालीको सम्पूर्ण पाठहरूमा राखिएको छ तर मेरो नेपालीको कुनै पाठहरूमा पनि समावेश गरिएको छैन ।

७. आकारका दृष्टिले हेर्दा मेरो नेपाली किताबको तुलनामा सरल नेपाली शृङ्खला केही ठूलो देखिन्छ भने आवरण पृष्ठ र कागजको स्तर पनि मेरो नेपालीको भन्दा सरल नेपाली शृङ्खला केही आकर्षक र कलात्मक देखिन्छ ।

८. सरल नेपाली शृङ्खलामा भन्दा मेरो नेपाली किताबमा प्रस्तुत भएका चित्रहरू गाढा र स्पष्ट देखिन्छन् ।

९. मेरो नेपालीमा भएका सबै विधाहरू सरल नेपालीमा राखिएका छन् भने सरल नेपाली शृङ्खलामा राखिएका निबन्ध र चिठी विधा मेरो नेपाली किताबमा प्रस्तुत गरेका पाइँदैन ।

१०. अक्षरको ढाँचालाई हेर्दा मेरो नेपाली किताबभन्दा सरल नेपाली शृङ्खलामा उपयुक्त खालका अक्षरहरू देखिन्छन् ।

११. बँधाइ वा सिलाइ तथा कागजका दृष्टिले पनि मेरो नेपाली किताब भन्दा सरल नेपाली शृङ्खला सबल देखिन्छ ।

१२. मूल्यका दृष्टिले हेर्दा मेरो नेपालीको तुलनामा सरल नेपाली शृङ्खलाको मूल्य दोब्बर भन्दा बढी देखिन्छ ।

१३. बाह्य आवरण रङ्गीन र चिल्लो हुनाले मेरो नेपाली किताब भन्दा सरल नेपाली शृङ्खला बढी आकर्षक देखिन्छ ।

१४. पाठ्यक्रमले अपेक्षा गरेअनुरूप दबै पाठ्यसामग्रीमा गाउँखाने कथा, चुट्किला र हाँस्य सामग्री केहीको पनि प्रयोग पाइँदैन ।

### ६.३ सुझावहरू

दुवै पाठ्यपुस्तकको अध्ययन विश्लेषणबाट निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

१. विधाहरूमा समानता ल्याउन मेरो किताबमा निबन्ध र एकाङ्की समावेश गर्नुपर्दछ भने सरल नेपाली शृङ्खलामा एउटा रूपक विधा थप गर्नु उपयुक्त हुन्छ ।

२. पाठ्यक्रमको निर्दिष्ट उद्देश्य पूरा गर्नका लागि दुवै पाठ्यपुस्तकमा कार्यमुलक व्याकरण क्षेत्र समावेश गरिनु आवश्यक देखिन्छ र सरल नेपाली शृङ्खलामा लेखाइ सीपलाई मात्र महत्व नदिई सुनाइ, बोलाइ सीपसम्बन्धी केही अभ्यासहरू थपिनु पर्ने देखिन्छ ।

३. मेरो नेपालीमा पाठको अन्त्यमा विशेष शब्दका अर्थहरू समावेश गरिएको छैन । शब्दभण्डारको विकास र ज्ञानको निम्ति पाठहरूसम्बन्धी विशेष शब्दका अर्थहरू समावेश गरिनु आवश्यक देखिन्छ ।

४. दुबै पाठ्यपुस्तकमा विधागत पाठहरूको रखाइ क्रम सरलदेखि जटिलको क्रम मिलाउनु पर्ने देखिन्छ ।

५. दुई पाठ्यपुस्तकमा दिइएका, निर्देशनहरूले पठनपाठनको विधिलाई समट्न सकेको देखिँदैन कुन विधा एवम् भाषा तत्वसम्बन्धी पाठहरू र नमुना अभ्यासहरूको शिक्षणका लागि कस्तो कस्तो विधि अपनाउनु ठीक हुन्छ भन्ने बारे धारणा प्रस्तुत गर्नुपर्ने देखिन्छ ।

६. मेरो नेपाली किताबमा प्रयोग भएको कागजको स्तर सुधार गर्नुपर्ने देखिन्छ । जसले गर्दा विद्यार्थीहरूलाई पढाइमा रूचि बढ्न गई पाठप्रति आकर्षित हुने देखिन्छ ।

७. मेरो नेपाली किताबमा भन्दा सरल नेपाली शृङ्खलामा अभ्यासको संख्या न्यून भएकाले सुनाइ बोलाइ सीपलाई महत्व दिई अभ्यासहरू थप गरिनु उचित हुन्छ ।

८. मेरो नेपाली किताब र सरल नेपाली शृङ्खलामा विधाहरूको रखाइक्रम र नमुना अभ्यासहरूको प्रस्तुति समान रूपमा राखे राम्रो हुने देखिन्छ ।

९. मेरो नेपाली किताबको विषय सूचीमा विधा सङ्केत गर्नुपर्ने देखिन्छ ।

१०. सरल नेपाली शृङ्खलामा तोकिएको मूल्य घटाएर सर्वसुलभ बनाइनु पर्दछ ।

११. मेरो नेपाली किताबमा प्रयोग गरिएको कागज स्तरीय र टिकाउ खालको बनाउनु पर्दछ ।

१२. बँधाइका दृष्टिले हेर्दा दबै पाठ्यपुस्तकमा स्टेप्लरले भन्दा धागो प्रयोग गर्नाले पाठ्यपुस्तक टिकाउ र सुरक्षित हुन्छ ।

## ६.४ भावी अध्ययनका लागि संभावित शीर्षकहरू

कुनै पनि अध्ययन अनुसन्धान सँधै अपूर्ण नै हुन्छ । यस्ता अध्ययन अनुसन्धान गर्दा विभिन्न अवरोधहरू उत्पन्न हुन्छन् र ती सवै अवरोधहरूलाई एक्लैले पन्छाउन गाह्रो हुन्छ । ती अवरोधहरूलाई सुल्झाउनका लागि निम्नलिखित शीर्षक भावी अध्ययनका लागि उपयुक्त ठानिएको छः

१. सरकारी तथा निजी विद्यालयहरूमा पठनपाठन् गरिने माध्यमिक तहका नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन ।

२. मेरो नेपाली किताब र सरल नेपाली श्रृङ्खलामा समाविष्ट अभ्यासहरूको तुलनात्मक अध्ययन ।

३. कक्षा चार र पाँचको सरल नेपाली श्रृङ्खलामा समाविष्ट अभ्यासहरूको तुलनात्मक अध्ययन ।

४. कक्षा ५ को हाम्रो नेपाली किताब र सरल नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन ।

५ .कक्षा ४ को सरल नेपाली श्रृङ्खला र सजिलो नेपालीको तुलनात्मक अध्ययन ।

६. कक्षा तीनको सरल नेपाली श्रृङ्खलामा समाविष्ट अभ्यासहरूको विश्लेषण ।

७. कक्षा तीनको मेरो नेपाली किताबमा रहेको शब्दभण्डारको विश्लेषण ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०५३) **भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५५) **समसामयिक नेपाली व्याकरण (दोस्रो संस्करण)**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०५५), **प्रारम्भिक नेपाली शिक्षण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अवस्थी, महादेव र ऋषिराम शर्मा (२०५६), **नेपाली व्याकरण**, काठमाडौंः एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

आचार्य, माधवप्रसाद र रामप्रसाद गौतम (२०६५), **नेपाली भाषा साहित्य शिक्षण,** काठमाडौं : दीक्षान्त प्रकाशन ।

खनाल, गीता (२०६६) **कक्षा चारको मेरो नेपाली किताब र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र काठमाडौं, त्रि.वि. ।

खनाल, तेजप्रसाद (२०५६), **कक्षा ५ को मेरो नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृत्ति गणना**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं : त्रि.वि. ।

खनाल, पवित्रा (२०६२), **कक्षा ६ को हाम्रो नेपाली किताब र सरल नेपाली शृङ्खलामा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र काठमाडौं : त्रि.वि. ।

खनाल, पेशल (२०६२), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौं : स्टुडेन्ट्स बुक पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

गौतम, गेहनाथ (२०५६), **मेरो नेपाली किताब कक्षा ५ र सरल नेपाली माला ५ को तुलनात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र काठमाडौं : त्रि.वि. ।

घिमिरे, प्रकाश (२०६०), **हाम्रो नेपाली किताब कक्षा ८ र सजिलो नेपाली माला ८ को तुलनात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र काठमाडौं : त्रि.वि. ।

झवाली, रामप्रसाद र गणेशप्रसाद भट्टराई (२०५६) **अनिवार्य नेपाली १०+२**, काठमाडौंः भुँडीपुराण प्रकाशन ।

ठकुरी, भोजकुमारी (२०६२), **हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपाली माला ६ को नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र काठमाडौंः त्रि.वि. ।

ढुङ्गेल, भोजराज र अन्य (२०४१) **शिक्षा प्रमाणपत्र तहमा अध्ययनरत विद्यार्थीहरूको नेपाली लेखन सम्बन्धी क्षमताको अध्ययन** (लघु अनुसन्धान), काठमाडौंः त्रि.वि. ।

पराजुली, कृष्णप्रसाद (२०५०), राम्रो रचनाः मिठो नेपाली, काठमाडौंः सहयोगी प्रेस ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), **मेरो नेपाली कक्षा ४**, सानेठिमी : भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), **मेरो नेपाली कक्षा ३**, सानोठिमी : भक्तपुर ।

पौडेल, नेत्रप्रसाद (२०५५), **कक्षा ६ को हाम्रो नेपाली किताब र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौंः त्रि.वि. ।

पौडेल, रामकला (२०६२), **कक्षा ३ को मेरो नेपाली किताब र सजिलो नेपाली मालामा प्रयुक्त शब्द भण्डारको तुलनात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं : त्रि.वि. ।

बन्धु, डा. चुडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाडौंः रत्न पुस्तक भण्डार ।

भट्टराइ, रामप्रसाद (२०६७), भाषिक अनुसन्धान विधि, काठमाण्डौः पिनाकल पब्लिेशन ।

भण्डारी, पारसमणि र महादेव अवस्थी (२०५७), **सरल नेपाली शृङ्खला**, काठमाडौंः एकता बुक्स डिस्ट्रिब्युटर्स ।

भण्डारी, पारसमणि (२०६२), **स्नातकोत्तर नेपाली शोध विवरण**, काठमाडौंः न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाण्डौः पिनाकल पब्लिकेशन

**परिशिष्ट :**

**व्यक्तिगत विवरण**

| | |
|---|---|
| नामः | सरिता पौडेल |
| जन्म स्थानः | हत्पते ३, सिन्धुली |
| पिता/माताः | पुरूषोत्तम/सीता पौडेल |
| वैवाहिक स्थितिः | विवाहित |
| पतिः | जनार्दन कोइराला |
| धर्मः | हिन्दू |
| राष्ट्रियताः | नेपाली |
| भाषाः | नेपाली |
| सम्पर्क फोन नं. | ०४७-५२१०३७/९८४४०८२२४६ |

**शैक्षिक स्थितिः**

- स्नातकोत्तर (एम.एड.नेपाली)- सिन्धुली बहुमुखी क्याम्पस सिन्धुली, २०६७
- स्नातक (बि.एड.)- सिन्धुली बहुमुखी क्याम्पस सिन्धुली, २०६४
- १०+२ - श्री भवानी उच्च मा.वि. भीमस्थान सिन्धुली, २०६१
- एस.एल.सी.- श्री कमला उच्च मा.वि. भलुवाही सिन्धुली, २०५८